का.जि.प्र.का.द.नं. १००/०५९/६०
२९ असोज २०८२
बुधबार
15 October 2025
Wednesday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २३, अंक २४९ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com

# ‘सेरेमोनियल’ शेरबहादुर

## पूर्णबहादुरलाई कार्यवाहक



सभापतिको हैसियतमा देउवाको केन्द्रीय कार्यसमितिमा आज एकप्रकारले अन्तिम उपस्थिति रह्यो । पार्टी सभापतिका रूपमा महत्वपूर्ण निर्देशन र घोषणा पनि गर्नुभयो । त्यसलाई सम्मान गर्दै आजको बैठक एजेन्डामा प्रवेश गरेन ।

**गगन थापा**, महामन्त्री

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २८ असोज

नेपाली राजनीतिलाई लामो समय आफ्नै वरिपरि घुमाउन सफल पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा अन्ततः ‘सेरेमोनियल’ बनेका छन् । पछिल्लो समय राजनीतिक रूपमा सफलता पाउन सकस भएसँगै उनले मंगलबारको पार्टी बैठकमा कार्यकारी जिम्मेवारीबाट अगल रहने निर्णय लिए । देउवाले आफू अभिभावकीय भूमिकामा रहँदै पार्टी सञ्चालनको कार्यभार उपसभापति पूर्णबहादुर खड्का जिम्मा लगाएका छन् ।

गत भदौ २३ र २४ को जेनजी आन्दोलनका क्रममा घरमै रहेकाबेला आगजनी, तोडफोड र निर्घात कुटपिटको सामना गरेका देउवालमाथि नेतृत्व छोड्नुपर्ने चौतर्फी दबाब थियो । देउवा दुईपटक सभापति र पाँचपटक प्रधानमन्त्री बनिसकेका छन् । पछिल्लोपटक उनलाई सभापतिबाट हटाउन महामन्त्री गगन थापा, विश्वप्रकाश शर्मासहित नेताहरूले विशेष महाधिवेशनको प्रस्ताव गरेका थिए । ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षर संकलन भइसकेको उनीहरूको दाबी छ । सो हस्ताक्षर पार्टीमा बुझाउने तयारी भए पनि पार्टीमा दर्ज पाएन । मंगलबार सानेपामा बसेको कांग्रेस केन्द्रीय समितिको बैठकमा सभापति देउवाले कार्यकारी जिम्मेवारीबाट अगल रहने निर्णय लिए । मंगलबारको बैठकमा सभापतिले सम्बोधन गरेपछि बैठक ३० गतेका लागि सरेको छ । केन्द्रीय समिति बैठकमा साझा प्रस्ताव पेस गर्न कार्यसम्पादन समितिलाई एक दिनको समय दिइएको छ । आज अनौपचारिक छलफल गरेर ३० गते केन्द्रीय समिति बैठकमा साझा प्रस्ताव लैजाने »» पृष्ठ २ मा



## न्याय माग्ने तहमा देउवा

मुलुकको पाँचपटक प्रधानमन्त्री बनेका कांग्रेसका सभापति शेरबहादुर देउवाले आफूमाथि अन्याय भएको दाबी गरेका छन् । भदौ २२ सम्म देश र जनतालाई न्याय, सुशासन र सेवाप्रवाह गर्ने भूमिकामा रहेका देउवालाई भदौ २३ र २४ मा भएको जेजनजी आन्दोलले एकाएक न्याय माग्ने ठाउँमा पुऱ्याएको हो ।

प्रजातन्त्र प्राप्तिपछि राज्य सत्ताका विभिन्न पदीय जिम्मेवारीमा रहेर अरूलाई न्याय दिने हैसियत बनाएका थिए । तर देउवा र तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली एकाएक आफैं न्याय माग्नुपर्ने तहमा पुगेसँगै पुराना नेताहरूका लागि न्याय पाउने विषयसमेत चुनौतीपूर्ण बनेको छ । सभापति देउवाले मंगलबार कांग्रेस केन्द्रीय समितिको बैठकलाई सम्बोधन गर्दै नियोजित रूपमा ज्यान लिने प्रयास भएको भन्दै वास्तविकता छानबिन गरी कारबाही गर्नुपर्ने सरकारसँग माग गरेका छन् ।

आफूविरुद्ध फेक भिडियो बनाएर चरित्र हत्या गर्ने काम भएको पनि उनले गुनासो गरे । २४ भदौ २०८२ मा जेनजी आन्दोलनकारीले सार्वजीक सम्पत्ति र नेताका निजी घरमाथिको तोडफोड तथा आगजनीबाट ध्वस्त बनाएका थिए । आन्दोलनलाई थाम्न नसकेर कांग्रेसको मुख्य सहयोगमा बनेको एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकार ढलेको थियो । ओलीले राजीनामा दिइसकेपछि समेत जेनजीको निशानामा परेका देउवासहित सयौं नेताहरूको घर जलाइएको छ । २३ गतेको आन्दोलनमा युवाहरूले ज्यान »» पृष्ठ २ मा

# संसद् ब्युँताउन वार्मअप

विघटित प्रतिनिधि सभा ब्युँताउन पहल गर्ने नेकपा एमालेको सचिवालय बैठकको निर्णय छ । सभामुख देवराज घिमिरे आफैं अदालत जाने मनस्थितिमा छन् । नेपाली कांग्रेसले भने आधिकारिक रूपमा केही भनेको छैन ।



संसद् पुनर्स्थापनाको विकल्पलाई नेपाली कांग्रेसले क्लोज गरेको छैन ।

**प्रकाशशरण महत**
नेता, नेपाली कांग्रेस



संसद् पुनर्स्थापना हुनुपर्छ भन्ने स्पष्ट माग सचिवालय बैठकले गरेको छ ।

**प्रदीप ज्ञवाली**
उपमहासचिव, नेकपा एमाले

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २८ असोज

विघटित प्रतिनिधि सभा ब्युँताउने वार्मअप सुरु भएको छ । प्रतिनिधि सभा पुनर्स्थापना गर्ने विषयलाई एजेन्डाका रूपमा अगाडि बढाउन पहल गर्ने नेकपा एमालेको सचिवालय बैठकको निर्णय छ । नेपाली कांग्रेसले आधिकारिक रूपमा केही भनेको छैन । यसबेला सभामुख देवराज घिमिरेले राजनीतिक दल, कानुन व्यावसायीसमेतको साथ लिनेगरी संसद् ब्युँताउनेबारे छलफल अघि बढाएका हुन् ।

सभामुख घिमिरेले यस विषयमा दलहरूको धारणा नै मागेका छन् ।

यसका लागि उनले विघटित प्रतिनिधिसभामा रहेका राजनीतिक दलका प्रमुख सचेतकलाई छलफलमा बोलाएका छन् ।

विघटित प्रतिनिधि सभामा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), जनता समाजवादी पार्टी (जसपा) नेपाल थिए ।

जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), नागरिक उन्मुक्ति पार्टी (नाउपा), जनमत पार्टी थिए । यी दलका प्रमुख सचेतकहरूलाई सभामुख घिमिरेले बुधबार बिहान ९ बजे छलफलमा बोलाएका हुन् ।

बैठक सिंहदरबारस्थित सभामुखको कार्यकक्षमा बस्नेछ ।

सभामुख घिमिरेका प्रेस सल्लाहकार शेखर अधिकारीका अनुसार संसद् पुनर्स्थापनाको माग लिएर सभामुख अदालत जानुपर्छ कि जानुपर्दैन भनेर दलहरूको धारणा लिन लागिएको हो ।

छलफलमा आउँदा दलहरूलाई पार्टीको आधिकारिक धारणा के हो ? आधिकारिक रूपमा ल्याउन भनिएको छ ।

नेकपा एमाले र सभामुख संसद् ब्युँताउने वार्मअपमा रहेका बेला मंगलबारबाट सुरु भएको नेपाली कांग्रेसको केन्द्रीय समितिको बैठकमा समेत यो विषयले प्रवेश पाएको छ ।

नेपाली कांग्रेसका नेता प्रकाशशरण महतका अनुसार संसद् पुनर्स्थापनाको विकल्प कांग्रेसले क्लोज गरेको छैन । »» पृष्ठ २ मा

# टकराबमा प्रहरी–गृहमन्त्री



कानुनसम्मत रूपमा दर्ता हुने भए दर्ता गर्नुपऱ्यो दर्ता गर्ने चिज । दर्ता नहुने हो भने, कसैको हिम्मत छ भने लेख्नुपऱ्यो- यो कारणले दर्ता भएन भनेर । अनि त्यसको परिणाम भोग्नुपऱ्यो ।

**ओमप्रकाश अर्याल**
गृहमन्त्री

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २८ असोज

नेपाल प्रहरीसँग गृहमन्त्री ओमप्रकाश अर्यालको ट्युनिङ नमिलिरहेको सार्वजनिक रूपमै देखिन थालेको छ । गृहमन्त्री अर्याल मंगलबार सरकारमा सुदूरपश्चिमको प्रतिनिधित्व हुनुपर्नेलगायतका माग राख्दै आमरण अनसन बस्दै आएका अछामका मदन बुढाको अनसन तोडाउन पुगेका थिए । त्यसक्रममा उनले जेनजी आन्दोलनका क्रममा ताकी ताकी गोली प्रहार गर्ने जिम्मेवारीमा रहेका तत्कालीन सरकारका प्रधानमन्त्री, गृहमन्त्री र सिडियोलाई निष्पक्ष छानबिन गरी कारबाहीको दायरामा ल्याउन सरकार प्रयासरत रहेको बताए । यो सम्बन्धमा उनले भनेका छन्, ‘जाहेरी परिसकेको छ ।’

जाहेरी परेपछि के कस्तो अवस्था बन्यो ? भनेर व्याख्या गर्ने क्रममा उनले अन्य पक्षको आलोचना गरे । ‘जाहेरी परिसकेपछि केही असहज परिस्थिति आएको हो । गृहमन्त्री अर्यालले भनेका छन्, ‘सरकार के चाहन्थ्यो यहाँहरूलाई थाहा छ ।’

गृहमन्त्री अर्यालले न्याय माग्नेले कहाँबाट न्याय माग्ने हो भनेर निर्णय लिने अधिकार राख्ने भनेर प्रहरीको भूमिकामाथि समेत असन्तुष्टि जनाए ।

> तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, तत्कालीन गृहमन्त्री रमेश लेखकविरुद्धको जाहेरी दर्ता गर्न नेपाल प्रहरीलाई बहालवाला गृहमन्त्री ओमप्रकाश अर्यालको दबाब छ । आफूले भनेअनुसार नभएपछि गृहमन्त्री अर्याल सार्वजनिक रूपमै रुष्ट देखिन थालेका हुन् ।

उनका अनुसार न्याय माग्ने पीडितको अधिकार हो । पीडितले जुन संयन्त्रबाट गर्छु भन्छ त्यही संयन्त्र क्रियाशील हुनुपर्छ । आफू पीडितको अधिकारका लागि लडेको व्यक्ति भएको उल्लेख गर्दै उनले भनेका छन्, ‘भिक्टिमको राइटअनुसार उसले आयोगबाट न्याय माग्छ कि उसले नियमित फौजदारी प्रणालीबाट न्याय माग्छ । यो पीडितको अधिकारको कुरा हो । पीडितले ल्याइसकेपछि कानुनसम्मत रूपमा जवाफ दिनुपर्छ ।’

तर पीडितको निवेदन प्रहरीले दर्ता नगरिदिएको उनको आरोप छ । ‘कानुनसम्मत रूपमा दर्ता हुने भए दर्ता गर्नुपऱ्यो दर्ता गर्ने चिज । दर्ता नहुने हो भने, कसैको हिम्मत छ भने लेख्नुपऱ्यो यो कारणले दर्ता भएन भनेर भन्न सक्नुपऱ्यो । अनि त्यसको परिणाम पनि भोग्नुपऱ्यो ।’

कसैले पीडितको निवेदन दर्ता गर्दैन भने उसलाई राज्यका संयन्त्रले समेत चिन्न पाउनुपर्ने गृहमन्त्री अर्यालको भनाइ छ । अर्थात्, तत्कालीन प्रधानमन्त्री ओली, तत्कालीन गृहमन्त्री लेखकविरुद्धको जाहेरी दर्ता गर्न नेपाल »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# युएईको भिसा रोकिँदा हजारौं कामदार मर्कामा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ असोज

प्रमुख श्रम गन्तव्य मुलुक युनाइटेड अरब इमिरेट्स (युएई)ले भिसा रोक्दा ठुलो संख्यामा नेपाली कामदार प्रभावित भएका छन् । अघिल्लो महिना भदौमा नयाँ २० हजार र रिइन्ट्री ५ हजारसमेत गरी २५ हजारभन्दा बढी नेपाली कामदार युएई गएका थिए ।

असोजमा भने जाने क्रम लगभग ठप्पको अवस्था छ । हालको अवस्था सुधार नभए कात्तिक महिनामा पनि नेपाली कामदार जान नपाउने त्रास वैदेशिक रोजगार क्षेत्रमा गहिरिएको छ ।

युएईले नेपाली कामदारलाई भिसा रोकेको एक महिना पुगेको छ । तर उक्त मुलुकले नेपाली कामदारको भिसा रोकेको औपचारिक रूपमा नेपाललाई जानकारी भने दिएको छैन ।

मागपत्र प्रमाणीकरणमार्फत नेपाल आउने राजस्व रोकिएको र रेमिट्यान्स सुस्त हुन थाल्दा रोजगारीलाई सहज बनाउने ठोस पहल नेपाल सरकारका तर्फबाट भएको छैन । नेपाली अधिकारी औपचारिकतामा रमाएको टिप्पणी दैनिक रूपमा बढेको छ । नेपाली कामदारका लागि भिसा रोकेको जानकारी कुटनैतिक माध्यमबाट नपाएको भन्नु ठोस पहल गर्न नसकेको कमजोरी लुकाउने बहाना भएको धेरैको भनाइ छ ।

नयाँ सरकारमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा र परराष्ट्र मन्त्रालयले विभागीय मन्त्री पाउन सकेका छैनन् । वैदेशिक रोजगार व्यवसायीले व्यवसायीहरूको छातासंस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र युएईस्थित नेपाली राजदूतावासले पनि स्थिति बिग्रिन लाग्दा समेत ठोस पहल नगरेको गुनासो पनि त्यत्तिकै छ ।

नेपालबाट रोजगारीका लागि युएई जाने कामदार आपराधिक पृष्ठभूमिका होइनन् । असल चालचलनको प्रहरी रिपोर्ट भएका उनीहरूलाई किन रोकियो ? भनेर युएईमा रहेका नेपाली राजदूतले युएई सरकारसमक्ष प्रश्न उठाउने र असन्तुष्टि राख्न सक्ने कुटनैतिक अवस्थामा पनि त्यो प्रक्रिया अवलम्बन गरेको देखिएको छैन । यसले युएईमा रहेको नेपाली राजदूतावास राष्ट्रहितको प्रवर्धनका लागि प्रतिबद्ध छ ? भन्ने प्रश्न पनि धेरैको मनमा उठेको छ ।

सबै नेपाली कामदारमाथि अपराधमा संलग्न भएको एकमुष्ट आक्षेप लगाएको र नेपालले समयमा प्रतिवाद नगरेका कारण नयाँ भिसा जारी नभएको अवस्थाले नेपालले लामो समयका लागि प्रमुख रोजगार गन्तव्य गुमाउन सक्ने खतरा बढेको छ । एक महिना लामो अवधिमा पनि कामदारको भिसा जारी नभएपछि नेपालमा अनेकौं »» पृष्ठ २ मा

## साउन र भदौमा रेमिट्यान्स ३३ प्रतिशतले वृद्धि

**काठमाडौं/मस–** आर्थिक वर्ष २०८२/८३ को दुई महिनामा विप्रेषण आप्रवाह ३३.१ प्रतिशतले वृद्धि भएको छ । नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको तथ्यांकअनुसार दुई महिनामा विप्रेषण आप्रवाह ३३.१ प्रतिशतले वृद्धि भइ ३ खर्ब ५२ अर्ब ८ करोड रुपैयाँ पुगेको छ ।

अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १५.८ प्रतिशतले बढेको थियो । २०८२ भदौ महिनाको विप्रेषण आप्रवाह१ खर्ब ७४ अर्ब ६७ करोड रुपैयाँ रहेको छ । अघिल्लो वर्षको सोही महिनामा विप्रेषण आप्रवाह १ खर्ब २७ अर्ब ९९ करोड रुपैयाँ रहेको थियो ।

समीक्षा अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह २७.६ प्रतिशतले वृद्धि भइ २ अर्ब ५२ करोड रुपैयाँ पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १४.२ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) ३ खर्ब ८४ अर्ब ८८ करोड रुपैयाँ पुगेको छ । »» पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२९ असोज २०८२ बुधबार
15 October 2025 Wednesday

# विपिनको शव नेपाल ल्याउने प्रक्रिया सुरु

**काठमाडौं/मस-** विगत दुई वर्षदेखि प्यालेस्टिनी समूह हमासको कब्जामा रहेका नेपाली विद्यार्थी विपिन जोशीको शव नेपाल ल्याउने प्रक्रिया सुरू गरिएको छ।

परराष्ट्र मन्त्रालयले मंगलबार विज्ञप्ति जारी गरी इजरायलस्थित नेपाली दूतावासका प्रतिनिधिले मंगलबार तेल अविवस्थित 'नेशनल सेन्टर फर फरेन्सिक मेडिसिन'को भ्रमण गरी विपिनको शवबारे थप पुष्टि गरेको र शव नेपाल ल्याउनेबारे प्रक्रिया सुरु भएको जनाएको छ।

मन्त्रालयले जोशीको शव नेपाल ल्याइसकेपश्चात् पनि निजको मृत्युको वास्तविक कारण र परिस्थितिका सम्बन्धमा सम्बन्धित सरकार तथा सरोकार भएकाहरूसँगको सहयोग र समन्वयमा सत्यतथ्य पत्ता लगाउन, न्याय दिलाउन र निजको परिवारले पाउने सामाजिक सुरक्षा, क्षतिपूर्ति, बीमा, सुविधा आदिको लागि उचित पहल जारी राख्ने जनाएको छ।



मंगलबार अपराह्न परराष्ट्र सचिव अमृतबहादुर राईले इजरायलको परराष्ट्र मन्त्रालयका समकक्षी 'डाइरेक्टर जनरल' एडेन बार तलसँग टेलिफोन कुराकानी गरेको र उनले नेपाली नागरिक जोशीको निधन भएको औपचारिक जानकारी गराएका मन्त्रालयले उल्लेख गरेको छ।

यसैगरी इजरायल र हमास समूहबीचको दुई वर्ष लामो द्वन्द्वपछि भएको यद्धविरामपश्चात् हमासले जोशीको शव सोमबार रेडक्रसमार्फत इजरायललाई हस्तान्तरण गरेको जनाइएको छ।

सन् २०२३ अक्टोबर ७ देखि हमासको कब्जामा रहेका इजरायलको सिक्दै र कमाउँदै कार्यक्रममा सहभागी नेपाली विद्यार्थी जोशीको सकुशल रिहाइका लागि नेपाल सरकारले सुरुदेखि विभिन्न तहबाट यथासम्भव सबै किसिमका प्रयासहरू गरेको थियो।

इजरायल र हमासबीच युद्धविराम भएपछि सन् २०२५ अक्टोबर १३ का दिन इजरायली सेनाले त्यहाँस्थित नेपाली राजदूत, विपिनका दाजु, आमा, बहिनी, इजरायली परराष्ट्र मन्त्रालय र इजरायली प्रधानमन्त्री कार्यालयका अधिकारीसहितको भर्चुअल बैठकमार्फत रिहा हुने बन्दीमा विपिन जोशीको नाम समावेश नरहेको र उहाँको अवस्था अज्ञात रहेको जानकारी गराएको थियो। परराष्ट्र मन्त्रालयले हमास समूहको नियन्त्रणमा रहेका विपिनको मृत्युको खबरले स्तब्ध भएको उल्लेख गर्दै यस दुःखद् घडीमा मृतकप्रति श्रद्धाञ्जली र शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गरेको छ।

# दलहरूले जेनजी पुस्तासँग समेत संवाद गरेर संविधान परिवर्तन गर्नुपर्छ : भण्डारी

**काठमाडौं/मस-** नेपाली कांग्रेसका नेता डा.चन्द्रकान्त भण्डारीले पार्टीले मुलुक विषम राजनीतिक संकटबाट गुज्रिरहेको भन्दै पार्टीले मुलुक, लोकतन्त्र र जनताको हितलाई पहिलो प्राथमिकता दिनुपर्ने बताएका छन्।

मंगलबार पार्टी केन्द्रीय कार्यालय सानेपामा सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले नेपाली कांग्रेसले मुलुक, लोकतन्त्र र नागरिक अधिकारलाई प्राथमकिता दिँदै आएको बताए।

उनले मुलुकको वर्तमान राजनीतिक संकट र संवैधानिक विचलनको अवस्थाबाट कसरी अघि बढ्ने भन्नेबारे केन्द्रीय कमिटीको बैठकले ठोस निर्णय गर्ने पनि बताए। उनका अनुसार



बैठकले पार्टीको महाधिवेशन नियमित समयमा गर्ने कि सार्ने विषयमा समेत निर्णय गर्नेछ। उनले पार्टी सभापति शेरबहादुर देउवाले यसअघि नै नेतृत्व छोड्ने बताइसकेको उल्लेख गर्दै निश्चय पनि अगामी महाधिवेशनबाट पार्टीको नेतृत्व परिवर्तन हुने पनि बताए।

नेपाली कांग्रेसले अन्य राजनीतिक दलहरू र जेनजी पुस्ताहरूसँग समेत सल्लाह गरेर संविधानमा परिवर्तन गर्नुपर्ने उनको भनाइ छ। उनले समानुपातिक सांसदहरूलाई कहाँ राख्ने र एउटै राजनीतिक दलको बहुमत कसरी आउनसक्छ भन्ने कुरालाई निकास दिनका लागि संसदबाट पास गर्नेगरी संविधान ब्युँताउन जरुरी रहेको बताए।

# भाइटीकाको उत्तम साइत ११ बजेर ३९ मिनेटमा

**काठमाडौं/मस-** नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यस वर्षको भाइटीकाको उत्तम साइत सार्वजनिक गरेको छ। कात्तिक ६ गते बिहीबार बिहान ११:३९ बजे भाइटीकाको साइत उत्तम रहेको समितिका अध्यक्ष प्रा शम्भुप्रसाद ढकालले रासससलाई जानकारी दिए।

कात्तिक ६ गते बिहीबार मध्याह्नकालमा टीका लगाउन बाधा नपरे पनि साइत खोज्नेका लागि धनु लग्न, कन्या नवमांश, चर बेला र अभिजित् योग तथा विजय मुहूर्तको शुभ साइत दिइएको समितिका सदस्य प्रा देवमणि भट्टराईले जानकारी दिए। 'राज्य सञ्चालकले भने साइतमै टीका लगाउनुपर्छ। सर्वसाधारणका लागि मध्याह्नकालमा टीका लगाउन कुनै समस्या छैन', उनले भने। यस वर्ष यमपञ्चक कात्तिक १ गते शनिबारदेखि सुरु हुन्छ। त्यस दिनदेखि यमदीप दान सुरु गरिन्छ। धन त्रयोदशी र धनतेरस पर्व पनि यसै दिन परेको समितिले स्वीकृति दिएका पात्रोमा उल्लेख छ। कात्तिक २ गते आइतबार काग तिहार परेको छ। यसै दिन धनवन्तरी जयन्ती पर्व पनि मनाइन्छ।

कात्तिक ३ गते सोमबार बिहान नरक स्नानसहित कुकुर तिहार र बेलुकी लक्ष्मीपूजा परेको छ। यसै दिन साँझ दीपमालिका गरिन्छ। कात्तिक ३ गते



सोमबार दिउँसो ०२:५२ बजेसम्म कात्तिक कृष्ण चतुर्दशी र त्यसपछि औंसी तिथि लाग्ने भएकाले शास्त्रसम्ममत् रूपमा पर्वसम्बन्धी निर्णय गरिएको समितिले जनाएको छ। सायकालमा औंसी तिथि परेका दिन लक्ष्मीपूजा गर्नुपर्ने शास्त्रीय वचन छ। औंसी तिथिमा गरिने स्नान, दान भने कात्तिक ४ गते मंगलबार बिहान गर्नुपर्नेछ। कात्तिक ४ गते दिउँसो ०४:२९ बजेसम्म औंसी तिथि रहेको समितिले जनाएको छ।

गाई, गोरु र आत्म (म्ह) पूजा भने कात्तिक ५ गते बुधबार गर्नुपर्ने शास्त्रीय वचन रहेको छ। कात्तिक शुक्ल प्रतिपदाको सायंकालमा आत्म (म्ह) पूजा गर्नुपर्ने 'कृत्यवाटिका' नामक ग्रन्थमा उल्लेख गरिएको छ। आत्म (म्ह) पूजा विशेषगरी नेवार समुदायले गर्ने परम्परा छ। समितिले स्वीकृति दिने तीन पात्रो (पञ्चाङ्ग) नेवार समुदायका पञ्चाङ्गकारले प्रकाशन गर्ने गरेका छन्। सिद्धिलक्ष्मी व्यञ्जनकार, कीर्तिकिरण जोशी र शशिधर जोशी नेवार समुदायकै पञ्चाङ्गकारले पनि कात्तिक ५ गते नै आत्म (म्ह) पूजा गर्ने विषय आफ्ना पञ्चाङ्ग (पात्रो) मा उल्लेख गरेका छन्।

यसै दिन यस वर्ष नेपाल संवत् अनुसार नयाँ वर्ष मनाउनुपर्ने समितिले जनाएको छ। प्रतिपदाका दिन सूर्योदय भएकै दिन नयाँ वर्ष मनाउनुपर्ने शास्त्रीय वचन अनुसार यस्तो निर्णय गरिएको अध्यक्ष ढकालले बताए। यसै दिनदेखि नेपाल संवत् ११४६ सुरु हुन्छ।

शास्त्रीय विधिअनुसार भाइपूजा र नेवारी भाषामा भनिने किजापूजा पनि कात्तिक ६ गते बिहीबार मनाइनेछ। मंसिर २ गते बिहान ७:०४ बजेसम्म मात्र द्वितीया तिथि छ। शास्त्रीय वचन अनुसार मध्याह्नकालमा नै भाइटीका लगाइन्छ।

शास्त्रीय ग्रन्थमा भ्रातृपूजा भन्ने शब्द उल्लेख गरिएको र त्यस शब्दले दाजुभाइ दुवैलाई बुझाउँछ। भाइटीका भनिए पनि ज्येष्ठको क्रमानुसार नै दाजुभाईलाई टीकाटाला गर्नु शास्त्रसम्मत हुने समितिले जनाएको छ। प्रत्येक वर्ष कात्तिक कृष्ण त्रयोदशीदेखि कात्तिक शुक्ल द्वितीयासम्म यमपञ्चक भनिने तिहार पर्व मनाइन्छ। यस पर्वमा कात्तिक कृष्ण त्रयोदशीको साँझदेखि कात्तिक शुक्ल द्वितीयाको साँझसम्म यमदीपदान गरिन्छ। यमदीपदान परिवारको संख्याका आधारमा नाम उच्चारण गरेर गरिन्छ। यस अवसरमा यमदीप दान गरे यमयातनाबाट मुक्ति पाइने शास्त्रीय मान्यता छ। काग र कुकुरलाई पनि यमदूतका रूपमा मीठा परिकार खान दिएर खुसी बनाउने वैदिक परम्परा छ। जसले यमलोकमा सहयोग गर्ने विश्वास गरिन्छ।

# वीर अस्पतालमा निःशुल्क कक्ष स्थापना गर्दै काठमाडौं महानगर

**काठमाडौं/मस-** विपन्न, असहाय र वेवारिसेले निःशुल्क प्राप्त गर्ने लक्षित वर्गको उपचारलाई प्रभावकारी बनाउन काठमाडौं महानगरपालिकाले वीर अस्पतालमा सहजीकरण कक्ष स्थापना गर्ने भएको छ। यसका लागि महानगरपालिकाको स्वास्थ्य विभागका प्रमुख दिपक के. सी. र अस्पतालका निर्देशक प्रा.डा.दिलिप शर्माले सम्झौता पत्रमा हस्ताक्षर गरेका छन्।

सम्झौता अनुसार अस्पतालले सहजीकरण कक्षका लागि स्थान उपलब्ध गराउनेछ। कक्षमा नर्सिङ् विषय अध्ययन गरेका ३ जना जनशक्ति करार सेवामा राख्नेछ। यसरी राखिएका जनशक्तिको पारिश्रमिक महानगरपालिकाले उपलब्ध गराउनेछ।

अनलाइन प्रणालीमार्फत उपचारका लागि आएका विरामीहरुलाई विभिन्न निजी तथा सामुदायिक अस्पतालमा पुर्‍याउने काम हुनेछ।

महानगरपालिकाले २०८० बमोजिम फागुन १ गतेदेखि लक्षित वर्गको निःशुल्क उपचार सेवालाई व्यवस्थापन गरिरहेको छ। महानगरपालिकामा अहिले जनस्वास्थ्य निरीक्षकले यसको संयोजन गरिरहेका छन्।



यस उपचार सेवामा देशभित्रका कुनै पनि ठाउँका व्यक्तिले रोगको निदान, प्रयोगशाला परीक्षणसहितको उपचार प्राप्त गर्न सकिनेछ। लक्षित वर्गले ३ वटा विधिमध्ये कुनै एक विकल्पबाट सेवा प्राप्त गर्नेछन्। पहिलो विपन्न परिचय पत्र छ भने सिँधै अस्पतालमा जान सकिन्छ। दोस्रोमा विपन्न परिचय पत्र छैन भने आफू बसोबास गरिरहेको वडाबाट तोकिएको ढाँचामा शिफारिस, सर्जमिन मुचुल्कासहितका कागजपत्र लिएर सेवा लिन जान सकिन्छ। तेस्रोमा, यी दुईवटै अवस्थाका कागजपत्र लिन नसक्नेहरुले आफू विपन्न भएको प्रमाण लिएर महानगरपालिकाको निःशुल्क स्वास्थ्य सेवा सहजीकरण एकाइमा सम्पर्क गर्न सकिनेछ। प्रमाण प्रमाणित हुन सकेमा एकाइले सिफारिस गर्नेछ।

अहिलेसम्म सेवा हर्निया, हाइड्रोसिल, पाठेघर, स्नायु तथा नशाको, पित्त थैलीको पत्थरीको, मिर्गौलामा पत्थरी भएको, हाड जोर्नीको, नाक कान घाँटी जस्ता शल्यक्रिया गर्नुपर्ने बिरामीले अपरेसनको सुविधा लिएका छन्।

यस्तै पनि मिली मेडिसिनअन्तर्गत जटिल खालको मधुमेह, मिर्गौलाको रोग, क्षयरोग, उच्च रक्तचाप, दम, मधुमेह, दीर्घ कलेजोको रोगको उपचार, आकस्मिक स्वास्थ्य सेवा, नशा तथा स्नायुको उपचार, श्वासप्रश्वाश सम्बन्धी समस्याको उपचार, मुत्र प्रणाली तथा पिसाव सम्बन्धी समस्यामा सेवा लिएका छन्।

महानगरपालिकाको यो प्रणालीमा निजी क्षेत्रबाट सञ्चालित ५३ वटा अस्पतालका ३ सय ८० शय्या आवद्ध भएका छन्।

### "सेरेमोनियल"....

तयारी भइरहेको बताइएको छ। देशको राजनीतिक उलटफेरसँगै मानवीय तथा भौतिक क्षति भएको एक महिनापछि मंगलबार पहिलोपटक सार्वजनिक भएका देउवाले मुख्यतया चारवटा विषयमाथि गम्भीर बने। मुलुक र कांग्रेस पार्टी जीवनमा महत्व राख्ने चारवटै विषयलाई उनले केन्द्रीय समितिको बैठकमा राखेपछि कांग्रेसमा समेत केही सकारात्मक सञ्चारको सन्देश दिएको नेताहरूले बताएका छन्।

महामन्त्री गगन थापाले पार्टी सभापतिले बाँकी रहेका जिम्मेवारी पूरा गर्न केन्द्रीय कार्यसमितिलाई जिम्मेवारी छाडेर गएको बताएका छन्। उनले भने, 'सभापतिको हैसियतमा केन्द्रीय कार्यसमितिमा आज एकप्रकारले अन्तिम उपस्थिति रह्यो। उहाँले पार्टी सभापतिका रूपमा महत्वपूर्ण निर्देशन र घोषणा पनि गर्नुभयो। त्यसलाई सम्मान गर्दै आजको बैठक एजेन्डामा प्रवेश गरेन।'

बैठकको प्रारम्भमा जेनजी पुस्ताले उठाएका माग जायज भए पनि आन्दोलनलाई हिंसात्मक बनाउन घुसपैठ गरेर मुलुकलाई तहसनहस बनाएको घटनाप्रति कडा निन्दा र भर्त्सना गरे। दोस्रो, विधानले तोकेको अवधिभित्र १५औं महाधिवेशन गर्ने प्रतिबद्धता जनाए। तेस्रो, फागुन २१ गतेका लागि घोषित प्रतिनिधि सभा निर्वाचनमा कांग्रेसले भाग लिने उल्लेख गर्दै देशलाई संवैधानिक बाटोमा फर्काउने आधार नै निर्वाचन भएको दाबीसमेत गरे। र चौथोमा उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापतिको जिम्मेवारी दिने घोषणा गरेका छन्। यी विषय मुलुक र पार्टीका लागि महत्वपूर्ण रहेको नेपाली कांग्रेसका प्रचार विभाग प्रमुख मीन विश्वकर्माले बताए।

'जेजनी आन्दोलनका क्रममा घाइते हुनुभएका सभापति देउवाले आफू अभिभावक बनेर पार्टी सञ्चालनको जिम्मा उपसभापति पूर्णबहादुर खड्कालाई हस्तान्तरणसहित विधानबमोजिम महाधिवेशन गर्ने तयारी गर्न नेताहरूलाई निर्देशन दिनुभएको छ,' उनले भने, 'सभापतिको कदमले पछिल्लो समय कांग्रेसलाई 'सुरक्षित अवतरण'का लागि सहजीकरण गरेको छ।'

कार्यसमितिमा साझा प्रस्ताव पेस गर्ने तयार गर्न एक दिनको समय आवश्यक परेकाले एक दिन समय छुट्याएर ३० गतेका लागि बैठक सारेको उनले बताए। २९ मा अनौपचारिक छलफल गरी ३० गतेको बैठकमा साझा प्रस्ताव लैजाने तयारी भइरहेको। 'अबका सबै बैठकको सभापतित्व कार्यवाहक सभापति खड्काले नै गर्नुहुन्छ,' उनले मध्यान्हसँग भने, 'सभापति देउवा अभिभावकको भूमिकामा रहेर आवश्यक सहयोग गर्नुहुन्छ।'

२०२८ सालमा नेपाल विद्यार्थी संघको अध्यक्ष हुँदै पार्टी राजनीतिमा आएका देउवा प्रजातन्त्र प्राप्तिपछि सधैंजसो सत्ता र शक्तिमै थिए। २०४८ सालमा गृहमन्त्री हुँदै २०५२ मा पहिलोपटक प्रधानमन्त्री बनेका देउवा गिरिजाप्रसाद कोइरालासँगको राजनीतिक टसल बढ्दा पार्टी फुटाएर प्रजातान्त्रिक कांग्रेसको सभापति बनेका थिए। पार्टी एकीकरणपश्चात् वरिष्ठ नेताको भूमिकामा रहँदै २०७३ मा भएको १३औं महाधिवेशनबाट सभापति बनेका उनी २०७८ मा भएको १४औं महाधिवेशनमा सभापति दोहोरिएर शक्तिशाली सभापति बनेका थिए। केन्द्रीय समितिमा उनको पक्षमा दुई तिहाइ बहुमत छ। तर पछिल्लो परिस्थितिलाई मूल्यांकन गरेर देउवाले आफू अभिभावक बनेको नेताहरू बताउँछन्। पछिल्लो कार्यकालमा पार्टीलाई संसदमा ठुलो दल बनाएर पनि प्रधानमन्त्री बन्न नसकेका देउवाको अन्तिम इच्छा छैटौंपटक प्रधानमन्त्री बन्ने थियो। पछिल्लो एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारलाई पार्टीभित्र र बाहिरबाट निरन्तर प्रहार भइरहँदा पनि आगामी १० महिनापछि प्रधानमन्त्री बन्ने आशामा रहेका देउवाले सबै प्रहारप्रति ढाल बनेर ओली सरकारको बचाउमा लागेका थिए। ओलीसँगको सहमतिअनुसार २०८३ असारमा ओलीकै प्रस्तावमा प्रधानमन्त्री बन्ने देउवालाई ढुक्क थियो। यद्यपि जेजनी आन्दोलनले उनको सफना चकनाचुर बनाइदिएको राजनीतिक विश्लेषकहरूले टिप्पणी गर्ने गरेका छन्। देउवाको पछिल्लो कदमलाई पार्टीभित्र र बाहिरबाट प्रशंसा गरिएको छ।

### न्याय...

गुमाउनुपरेकोप्रति दुखः व्यक्त गरेका देउवाले सरकारी सार्वजनिक र व्यक्तिका सम्पत्ति ध्वस्त भएकोप्रति पनि चिन्ता प्रकट गरेका छन्।

जेनजी आन्दोलनका नाममा घुसपैठ भएर षड्यन्त्रपूर्वक ढंगले आफ्नो हत्या गर्नेसम्मको योजनाप्रति अहिलेको सरकारले तथ्यगत अध्ययन गरेर कारबाही गर्नुपर्ने उनको माग छ। देउवाले आफ्नो निवासको फेक भिडिओ (एआईमार्फत) बनाएर आफ्नो चरित्र हत्या गर्न खोजिएको दाबी गरे। उनले भनेका छन्, 'मेरो घरमा जलेको अवस्थामा पैसा फेला परेको भनी आएका भिडिओ एआईको प्रयोग गरी बनाइएको हो। भिडिओ छ नि जो, मेरो घरमा भेटेको भनेको त्यो (पैसा) फेक भिडिओ बनाएर मेरा खिलापमा गरिएको हो त्यो। 'अरू देशको भिडिओबाट काटेर ल्याएर एआईबाट भिडिओ बनाएको छ। मेरो चरित्रहत्या गरिएको छ, यसबारे छानबिन होस्।'

### संसद ...

उनले पत्रकारहरूसँग भनेका छन्, 'संसद् पुनर्स्थापनाको विकल्प नेपाली कांग्रेसले क्लोज गरेको छैन।'

यसअघि नै एमालेले संसद् पुनर्स्थापनाको माग गरिसकेको छ।

गत आइतबार बसेको सचिवालय बैठकपछि उपमहासचिव प्रदीप ज्ञवालीले पत्रकारहरूसँग भनेका छन्, 'प्रतिनिधिसभा विघटनलाई यो बैठकले असंवैधानिक र अलोकतान्त्रिक ठहर गरेको छ। असंवैधानिक र अलोकतान्त्रिक ढंगले गरिएको विघटन बदर गर्दै प्रतिनिधिसभा पुनर्स्थापना हुनुपर्छ भन्ने स्पष्ट माग बैठकले गरेको छ।'

### युएईको ...

आशंका र अनुमान बढेको छ। यस्तो अवस्थामा नेपालमा रहेका सम्बन्धित देशका राजदूतलाई बोलाएर छलफल गर्ने र त्यसले सार्थक परिणाम नदिए नेपाली प्रतिनिधिमण्डलले श्रम गन्तव्य मुलुकहरूमा भ्रमण गरेर भएपनि समस्या समाधान खोज्नुपर्ने कतिपयको माग छ।

राष्ट्रिय अर्थतन्त्रले शिथिलताको बाटो लिएको अहिलेको अवस्थामा वैदेशिक रोजगारको योगदान अत्यन्तै महत्वपूर्ण छ। गत वर्ष १८ खर्ब बराबरको रेमिट्यान्स आएका कारण अहिले आन्तरिक द्वन्द्वका बाबजुद नेपालको अर्थतन्त्र सहज अवस्थामा छ। नेपाली कामदारको भिसा प्रक्रियामा कठिनाइ उत्पन्न भए बेरोजगारी समस्या चुलिने र केही महिनादेखि नै अर्थतन्त्र धरमराउने अवस्थामा पुग्ने धेरैको आँकलन छ।

### साउन...

अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय २ खर्ब ८७ अर्ब ७६ करोड रुपैयाँ रहेको थियो।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ९० हजार १ सय ९८ र पुनः श्रम स्वीकृति लिनेको संख्या ४५ हजार ८ सय ८४ रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः ७६ हजार ४ सय ८५ र ४० हजार ५ सय ८३ रहेको थियो।

### टकराबमा...

प्रहरीलाई बहालवाला गृहमन्त्री ओमप्रकाश अर्यालको दबाब छ। आफूले भनेअनुसार नभएपछि गृहमन्त्री अर्याल सार्वजनिक रूपमै रुष्ट देखिन थालेका हुन्।

# कडा रोग लागेका बिमितका लागि पुनः 'रिफर' आवश्यक नपर्ने

**काठमाडौं/मस-** स्वास्थ्य बीमा बोर्डले कडा खालका रोगका लागि प्रथम सेवा विन्दुबाट एकपटक प्रेषण भई सोही अस्पतालमा 'फलोअप' गराउँदा पुनः प्रेषण (रिफर) आवश्यक नपर्ने जनाएको छ। बोर्डले बीमित व्यक्ति प्रथम सेवा विन्दुको सेवा अपुग भई रिफरल केन्द्रमा जाँदा विभिन्न समस्या पर्ने भएकाले पुनः रिफर गर्नु नपर्ने व्यवस्था गरेको हो। बोर्डका उपसचिव पुण्यमाया गुरागाईंले एकपटक प्रथम सेवा विन्दुबाट रिफर गरिसकेको बिरामीलाई पुनः रिफर आवश्यक नभएको बताइन्।

उनका अनुसार बोर्डअन्तर्गतका सबै सेवा प्रदायक स्वास्थ्य संस्थाहरूलाई पत्रचार गरी सो विषयमा जानकारी




गराइसकिएको छ।

बोर्डले क्यान्सर, मुटु, मिर्गौला, हेड इन्जुरी, स्पाइनल इन्जुरी, सिकलसेल, एनिमिया, पार्किन्सन, अल्जाइमर जस्ता कडा रोग लागेका बिरामीलाई एकपटक रिफर गरिसकेको अवस्थामा सोही अस्पतालमा उपचार गर्न जाँदा पुनः रिफर आवश्यक नपर्ने जनाएको हो।

त्यसैगरी अति गरिबीको परिचयपत्र प्राप्त परिवार, अति अशक्त, अपागङ्ता, कुष्ठरोगी, एचआइभी सङ्क्रमित, जटिल खालका क्षयरोग र ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकको हकमा पनि एकपटक रिफर भई सोही अस्पतालमा फलोअप गराउँदा पुनः रिफर आवश्यक नपर्ने निर्णय गरिएको उपसचिव गुरागाईंले जानकारी दिए।

आँखा स्वास्थ्यसम्बन्धीको जटिल समस्या, गर्भवती तथा सुत्केरी, दम, कडा किसिमका मानसिक रोग हकमा पनि रिफर आवश्यक नपर्ने जनाइएको छ। देशभरि बोर्डमा प्रथम सेवा विन्दु ३ सय ७७ वटा स्वास्थ्य संस्था र रिफरल स्वास्थ्य संस्था ९८ वटा छन्। बोर्डले संघीय अस्पताल, विशेषज्ञ अस्पताल, विशिष्टीकृत अस्पताल र प्रतिष्ठानलाई प्रेषण केन्द्रका रूपमा राखेको छ। बोर्डमा हाल ९४ लाख बीमित आबद्ध छन्।

# बोतल र जारको पानीमा बढी शुल्क लिए कारबाही

**काठमाडौं/मस-** वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले बोतल र जारको पानीमा बढी शुल्क लिएमा कारबाही गरिने जनाएको छ। विभागले मंगलबार एक सूचना प्रकाशित गरी दैनिक उपभोग्य वस्तुका रूपमा प्रयोग हुँदै आएको प्लाष्टिकका बोतल तथा जारको पानीको शुल्क निर्धारण गरिएकाले शुल्कभन्दा बढी रकम लिएको पाइएमा कारबाही गरिने जनाएको हो। विभागले काठमाडौं उपत्यकामा एक लिटर बोतलको पानी १६ र उपत्यका बाहिर



२० रुपैयाँ निर्धारण गरेको छ। यस्तै, २० लिटर जारको पानीको काठमाडौं उपत्यकाका लागि ४७ र उपत्यका बाहिरका लागि ६० रुपैयाँ निर्धारण गरिएको जनाएको छ। यसअघि पानी व्यवसायीले मनलाग्दी मूल्यमा बोतल तथा जारको पानी बिक्री गर्दै आएका थिए।

विभागले तोकिएको भन्दा बढी रकममा पानीको बोतल तथा जार बिक्री वितरण गरेको पाइएमा उपभोक्ता हित संरक्षण ऐन, २०७५ तथा नियमावली, २०७६ बमोजिम कारबाही गरिने सूचनामार्फत जनाएको छ। विभागले पानी बिक्रेताले तोकिएको भन्दा बढी मूल्यमा पानी बिक्री गरेको पाइएमा विभाग वा मातहतका कार्यालयमा सूचना दिन आमसर्वसाधारणमा अनुरोध गरेको छ।

# मधेशमा नयाँ सरकार गठनका लागि आह्वान



**जनकपुर/मस–** मधेश प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले मुख्यमन्त्री सतिशकुमार सिंहले पदबाट दिएको राजीनामा स्वीकृत गरेकी छन् ।

मंगलबार प्रदेश प्रमुखको कार्यालयले विज्ञप्ति जारी गरी नेपालको संविधानको धारा १६९ उपधारा (१) को खण्ड (क) अनुसार सिंहले मुख्यमन्त्री पदबाट दिएको राजीनामा प्रदेश प्रमुखले स्वीकृत गरेको जानकारी दिएको हो ।

यसैगरी नेपालको संविधानको धारा १६९ उपधारा (३) बमोजिम अर्को व्यवस्था नभएसम्मका लागि मौजुदा मन्त्रिपरिषद् लाई प्रदेशको मन्त्रिपरिषद्को कार्यभार सञ्चालन गर्न कार्यभार तोकिएको पनि कार्यालयका निमित्त सचिव शत्रुधन यादवद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

प्रदेश प्रमुख भण्डारीले सिंहको राजीनामा स्वीकृत गरेसँगै नयाँ सरकार गठनका लागि आह्वान गरेकी छन् । बुधबार अपरान्ह ४ बजेसम्म दुई वा दुई भन्दा बढी दलको बहुमत पुऱ्याएर दाबी पेस गर्न उनले आह्वान गरेकी हुन् ।

मधेश प्रदेश सभामा प्रतिनीधित्व गर्ने १० वटा दलमध्ये कुनैपनि राजनीतिक दलसँग एकल बहुमत छैन । तसर्थ प्रदेश प्रमुख सुमित्राले संविधानको धारा १६८ को उपधारा २ बमोजिम सरकार गठनका लागि आह्वान गरेकी छन् ।

उक्त धारामा प्रदेश सभामा कुनैपनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रदेश सभामा प्रतिनीधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभाका सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्न सक्ने प्रावधान छ ।

मधेश प्रदेश सभामा ६४ प्रत्यक्ष र ४३ समानुपातिक गरी १ सय ७ सदस्यीय प्रदेश सभा सदस्य छन् ।

नेकपा एमालेले २५, नेपाली कांग्रेसको २२, जनता समाजवादी पार्टी नेपालले १९, जनमत पार्टीले १३, लोकतान्त्रिक समाजवादी पार्टी र नेकपा माओवादी केन्द्रले ९/९, नेकपा एकीकृत समाजवादीले ७, नेपाल संघीय समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले १/१ सिट जितेका छन् ।

एमालेबाट निर्वाचित प्रदेश सभा सदस्य रामचन्द्र मण्डल सभामुख भएका छन् भने दिपेन्द्रकुमार ठाकुर निलम्बनमा पर्दा एमालेसँग २३ सिट मात्रै छ । लोकतान्त्रिक समाजवादी पार्टीका अभिराम शर्मा पनि निलम्बनमा छन् । मुख्यमन्त्री बन्नका लागि ५४ जना प्रदेश सभा सदस्यको समर्थन चाहिन्छ। तर यसअघि नै नेपाली कांग्रेस, नेकपा एमाले र जनमत पार्टीले मिलेर नयाँ सरकार बनाउने तयारी गरिसकेको छ । प्रदेश प्रमुखले आह्वान नगर्दै तीन दलले नेपाली कांग्रेसका संसदीय दलका नेता कृष्णप्रसाद यादवलाई मुख्यमन्त्री बनाउने गरी दाबी पेस गरेका थिए। प्रदेश सभामा प्रतिनिधित्व गर्ने चार ठूला दलमध्ये तीन दल एक ठाउँमा आउँदा उनीहरूसँग बहुमत सुनिश्चित छ ।

### कर्णाली मन्त्रिपरिषद् बैठक

# शहीद स्मृति तथा जीवन निर्वाह भत्ता दिने निर्णय



**कर्णाली/मस–** कर्णाली प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले ५ करोड रुपैयाँ बराबरको शहीद स्मृति तथा जीवन निर्वाह भत्ता दिने निर्णय गरेको छ ।

मुख्यमन्त्री यामलाल कँडेलको अध्यक्षतामा मंगलबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेतमा बसेको बैठकले रु दुई करोड ५५ लाख ७२ हजार बराबरको शहीद स्मृति भत्ता र दुई करोड २ ९ लाख ८० हजार बराबरको जीवन निर्वाह भत्ता दिने निर्णय गरेको हो ।

कर्णाली प्रदेश विनियोजन ऐन, २०८२ को दफा ५ को उपदफा ३ बमोजिम सो बजेट आर्थिक मामिला तथा योजना मन्त्रालयमार्फत स्थानीय तहमा अख्तियारी पठाउन स्वीकृति दिने निर्णय भएको प्रदेश सरकारका प्रवक्ता एवं भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले जानकारी दिए ।

त्यसैगरी, उक्त बैठकले आयोजना प्रस्ताव तथा छनोट प्रक्रियासम्बन्धी (दोस्रो संशोधन) कार्यविधि २०८२, कर्णाली प्रदेश समपूरक अनुदानसम्बन्धी (पहिलो संशोधन) कार्यविधि २०८२, कर्णाली प्रदेश विशेष अनुदानसम्बन्धी (पहिलो संशोधन) कार्यविधि २०८२, कर्णाली प्रदेश सशर्त अनुदानसम्बन्धी (पहिलो संशोधन) कार्यविधि २०८२ र लैंगिक हिंसा प्रभावितका लागि घटना व्यवस्थापन तथा प्रेषण प्रक्रिया निर्देशिका, २०८२ स्वीकृत गर्ने निर्णय भएको प्रवक्ता शाहले बताए ।

# ललितपुर महानगरद्वारा जुम्लामा मन्दिर निर्माण



**काठमाडौं/मस–** ललितपुर महानगरपालिकाका नगरप्रमुख चिरीबाबु महर्जनले आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनका लागि ऐतिहासिक सम्पदा संरक्षण गर्न आवश्यक रहेको बताएका छन्। ललितपुर महानगरको आर्थिक सहयोगमा जुम्लाको चन्दननाथ नगरपालिका-५ मा पुरातात्विक शैलीमा निर्माण गरिएको गणेश मन्दिरको उद्घाटन गर्न जुम्ला पुगेका प्रमुख महर्जनले ललितपुर महानगरमा भएका मन्दिर जस्तै झल्को दिने गरी मन्दिर निर्माण गरिएको बताए ।

चन्दननाथका पुराना सम्पदालाई संरक्षण गर्न स्थानीय सरकारको भूमिका महत्वपूर्ण रहेको उनको भनाइ थियो ।

चन्दननाथमा निर्माण गरिएको गणेश मन्दिरका लागि ललितपुर महानगरले ३५ लाख सहयोग गरेको प्रमुख महर्जनले जानकारी दिए ।

चन्दननाथ नगरपालिकाका नगरप्रमुख राजुसिंह कठायतका अनुसार उक्त मन्दिरको लागत १९ लाख ७५ हजार रहेको छ । बाँकी रकम मन्दिरको प्रवेशद्वार बनाउन खर्च गरिने उनले बताए । उनका अनुसार गणेशको मूर्ति बनाउने ढुंगा खोकनाबाट ल्याइएको थियो भने मन्दिर ललितपुरकै कालीगढलाई निर्माण गर्न लगाइएको थियो । मन्दिर सदरमुकाम खलंगाको मुख्य बजार क्षेत्रमा निर्माण गरिएको छ।

ललितपुर महानगर र चन्दननाथ नगरपालिकाबीच तीन वर्षअघि भगिनी सम्बन्ध कायम भएको थियो । भगिनी सम्बन्ध कायम भएका पालिकाको विकासमा साझेदारी कायम गर्न ललितपुर महानगरले विभिन्न परियोजना अघि बढाएको छ ।

## तीनकुनेमा मोटरसाइकल दुर्घटना हुँदा युवकको मृत्यु

**काठमाडौं/मस–** सोमबार राति काठमाडौंको तीनकुनेमा मोटरसाइकल दुर्घटना हुँदा एक युवाको मृत्यु भएको छ ।

काठमाडौं महानगरपालिका-३२ तीनकुनेस्थित सडकमा बा६८प ४१५३ नम्बरको मोटरसाइकल अनियन्त्रित भइ दुर्घटना हुँदा मोटरसाइकल चालक कैलाली गोदावरी गाउँपालिका-८ घर भई काठमाडौंको बानेश्वर बस्ने २१ वर्षीय समिर चौधरीको मृत्यु भएको हो ।

दुर्घटनामा गम्भीर घाइते चौधरीको उपचारका क्रममा काठमाडौं मेडिकल कलेज सिनामंगलमा मृत्यु भएको काठमाडौं उपत्यका ट्राफिक कार्यालयका प्रवक्ता, प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिए ।


## थलारा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

खोली, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना नं.२०८२/८३–२१
प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०६/२९

थलारा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय खोली, बझाङ्गबाट खुल्ला बोलपत्र आह्वानका लागि प्रकाशित सूचना बमोजिम विद्युतीय खरिद प्रणाली (e–GP) का माध्यमबाट पेश भएका बोलपत्रहरू मध्ये मूल्याङ्कन समितिको निर्णयानुसार सारभू तरूपमा प्रभावग्राही न्यूनमूल्याङ्कित देहाएका बोलपत्र स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ .

देहाय

| बोलपत्र नं. | कामको विवरण | बोलपत्रदाताको नाम | कबोल अंक (मू.अ.क.सहित) |
|---|---|---|---|
| NCB/TRM/ WORKS/02/2082-83 | Construction Of Ward 9 Office Administrative Building Thalara - 9, Bajhang | BharmalConstraction, Talkot, Bajhang | 42,76,945.68/- |
| NCB/TRM/ WORKS/03/2082-83 | Construction of River Training Work in Different Sections of Seti River Thalara - 9, Bajhang | R.K.P. Construction Pvt. Ltd. Ja.Na.Pa., Bajhang | 34,59,622.15/- |
| NCB/TRM/ GOODS/04/2082-83 | Procurement and Supply of Electronics Items for Educational Quality Improvement Program Package-1 | Baltra Petrochemical Pvt.Ltd, Dhangadhi | 1,03,07,860.00/- |

प्रमुख प्रशासकीय अधिकृत



## Vacancy Announcement

**A.M.K. Engineering and Technology Pvt. Ltd.** is one of the firms in Nepal engaged in engineering consultation, research, planning and project management in Nepal including complex, multi-system and multidisciplinary mega-projects. It is located at Kathmandu District, Kathmandu Metropolitan city, Ward no. 01, Naxal. The main objective of the company is to carry out all tasks related to Knowledge Process Outsourcing (KPO) through Information Technology and intends to outsource the services through creation of parametric 3D components for use in BIM workflows, development of semi-automated drafting templates and detailed design documentation and knowledge-based modeling support aligned with international engineering standard.

◆ Number Of Persons Required: 1

● Job Responsibilities

- Lead the planning, design, and supervision of highways, municipal roads, and traffic infrastructure projects.
- Oversee development, drainage design, safety improvements, and construction coordination.
- Manage tenders, pricing analysis, and subcontractor accounts.
- Collaborate with multidisciplinary teams and stakeholders for project delivery.

★ Qualifications & Experience:

- Bachelor's degree or above in Civil Engineering.
- 10–12 years' experience in highway road design, municipal roads, drainage, and traffic planning.
- Proficient in traffic design, hydrological reports, and drainage solution.
- Experience in cost control, tenders, pricing, and sub-contractor coordination.
- Exposure to large infrastructure, urban re-development, industrial complexes, and BRT projects.
- Strong leadership and excellent English language.

Location: Kathmandu (with site visits as needed)
Application Process: Eligible candidates may email their resume and cover letter at amkengineering55@gmail.com within 7 days.
Only shortlisted applicants will be contacted for an interview. Preference shall be given to the Nepalese Citizen.



# Shey-Phoksundo Rural Municipality
# Office of Rural Municipal Executive

**Saldang, Dolpa**
**Karnali Province, Nepal**

## Invitation For Electronics Bids

**Date of Publication: 15 October 2025 AD (2082-06-29 BS)**

1. Shey-Phoksundo Rural municipality invites electronic bids from the eligible bidders for construction of the following works under National Competitive Bidding (NCB) Bidding procedure.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Shey Phoksundo Rural Municipality, Office of the Rural Municipal Exacutive, Saldang, Dolpa or Visit e-GP portal of PPMO, Website: www.bolpatra.gov.np/egp

| S. N. | Contract ID | Description of Works | Estimated Amount (NRs.) | Price of BID Document (NRs.) | BID Security Amount (NRs.) | Bid Submission Deadline | Bid Opening Deadline and Time | Office Account Details |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SPRM/NCB/ DOP/WORKS/ 2082-083-04 | Suyagu Dolmung irrigation Yojana, SPRM-Ward No. 04, Dolpa | १,०२,६८,१४२.३६ *(Including VAT and Contingencies)* | ३,००० | ३,००,००० | 14-11-2025 AD (2082-07-28 BS) 10:00 AM | 14/11/2025 AD (2082-07-28 BS). 11:00 AM | **A: For Price of Bid Document** *1.GA-1-1 ANTARIK RAJASHWO KHATA-1650133537700071 (Prabhu Bank Ltd)* **B: For Bid Security** *2.GA-3-1. DHARAUTI KHATA-1650133537700041 (Prabhu Bank Ltd)* |
| 2 | SPRM/LISP/ NCB/DOP/ WORKS/ 2082-083-02 | Leje Ra Ruptang Sichai Pokhari Tatha Tatbandhan Nirman Yojana, Ward No. 03 | १,३६,५०,५४८.७९ *(Including VAT and Contingencies)* | ३,००० | ४,००,००० | | | |

2. If the last date of purchasing and or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
3. Bid Validity Period: 90 days from Bid Submission due date & Bid Security Validity Period: Minimum 30 days beyond Bid Validity Period.
4. Matters not covered by this notice shall be in accordance with Public Procurement Act, 2063 (With latest amendment) Public Procurement Regulations, 2064 (With latest amendment) and other prevailing Rules and Regulations of Nepal.

**पुनश्चः** यस गाउँपालिकाबाट मिति २०८२/०६/२७ गते सोमबार प्रभाव राष्ट्रिय दैनिकको वर्ष १२ अंक १६७ मा प्रकाशित वोलपत्र आह्वान गरिएको सम्बन्धी (Invitation For Electronic Bids) सूचनामा Estimated Amount (NRs.) Column भित्रको विवरणमा Including VAT and Contingencies हुनुपर्नेमा अन्यथा भई गएकोले सो त्रुटि सँच्याईएको व्यहोरा यसै सूचनाद्वारा सम्पूर्ण सरोकारवालाहरूमा जानकारीका लागि अनुरोध छ।

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
२९ असोज २०८२ बुधबार
15 October 2025 Wednesday

सम्पादकीय

# निर्वाचनको वातावरण बनाऊ

प्रधानमन्त्री सुशीला कार्कीले असोज ९ गते देशवासीका नाममा सम्बोधन गर्दै दलहरू र आमनागरिकलाई चुनावमा केन्द्रित हुन आह्वान गरिन् । आन्दोलनकारी केही जेनजी समूहले संविधान र शासकीय प्रणाली संशोधनको माग गरिरहेका थिए । ती सबै अन्तरिम सरकारको कार्यक्षेत्रभन्दा बाहिर रहेको प्रस्टैसँग भनेकी थिइन् । चुनावी सरकारले आन्दोलनमा अभिव्यक्त सबै काम गर्ने अवस्था नभए पनि सक्दो इमानदार प्रयास गर्ने उनको अभिव्यक्तिले दलहरू पनि चुनावतर्फ मोडिँदै थिए । तर प्रधानमन्त्री कार्कीको बोली फेरिन थालेको छ । चुनावी सरकार बनेको एक महिनासम्म उनले दलहरूलाई संवादमा बोलाएकी छैनन् । प्रधानमन्त्री कार्की र गृहमन्त्री ओमप्रकाश अर्यालका पछिल्ला अभिव्यक्तिले विघटित संसदका दल मात्र होइन, नागरिक अगुवा र आमनागरिकसमेत तोकिएकै मितिमा चुनाव हुनेमा विश्वस्त हुन सकेका छैनन् ।

जेनजी विद्रोह र लगत्तैका विध्वंशपछि सरकारविहीनताको स्थितिमा राष्ट्रपति रामचन्द्र पौडेलले संसद्का दलहरूसँग पनि परामर्श गरेर पूर्वप्रधानन्यायाधीश कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन गरेका हुन् । यो सरकारलाई संविधानले खासै चिन्दैन । संविधानले नचिन्ने सरकारले आन्दोलनको रापतापलाई देखाएर गरेको प्रतिनिधि सभा विघटनसमेत प्रथम दृष्टिमै असंवैधानिक छ । तर राष्ट्रको कठिन परिस्थितिमा संविधानका विभिन्न छिद्र खोजेर आवश्यकताको सिद्धान्तका आधारमा बनेको सरकारप्रति असन्तुष्टि भए पनि विरोध कसैको थिएन । सरकारले एक महिनासम्म दलहरू, जेनजी समूहरू, नागरिक समाज र आमनागरिकलाई विश्वस्त पार्न नसकेकै कारण चुनावप्रति संशय प्रकट हुन थालेका छन् । त्यहीँ बुझेर आमचुनावउन्मुख भइसकेका दलहरूले संसद् पुनर्स्थापनाको विकल्प जीवितै राख्न चाहेका छन् ।

दलहरू अहिलेको संकटको निकास निर्वाचन भनिरहे पनि सरकारको रवैयाले सशंकित देखिन्छन् । चुनावका लागि तयार भइसकेका कांग्रेस, माओवादी केन्द्र, रास्वपालगायत दलहरू सरकारलाई चुनावी वातावरण बनाउन भनिरहेका छन् । एमालेले चुनाव हुने सम्भावना नदेखिएको भन्दै संसद् पुनर्स्थापनालाई प्राथमिकतामा राखेको छ । सर्वोच्च अदालमा रिट खुलेसँगै निवेदन पर्न थालेका छन् । विगतका नजिर हेर्दा संसद् विघटन बदर हुने प्रस्टै छ । सडक आन्दोलनको म्यान्डेट संविधानको धारामा खोजेर भेटिन्न पनि । त्यसको वैधानिक अवतरण भनेकै स्वच्छ, निष्पक्ष र धाँधलीरहित आमचुनाव नै हो । त्यसका लागि सरकार जिम्मेवार हुनैपर्छ । दलहरूमा अहिले देखिएको दोधार हटाउन पनि सरकार देखिने र बुझिनेगरी चुनावी वातावरण बनाउन लाग्नुपर्छ । दल र सरकारबीच दूरा घटाएर २१ फागुनमै आमचुनाव गराउनु सरकारको एक मात्र प्राथमिकता हुनुपर्छ । दलहरू पनि चुनाव आफ्नो पक्षमा नआउने डरले अनेक बाहना देखाएर निर्वाचनबाट भाग्न मिल्दैन । सरकारले अनुकूल वातावरण भने बनाउनैपर्छ ।

# अब भो ओलीजी ! छोड्नोस्

*पार्टी अध्यक्षका हिसाबले र प्रधानमन्त्री हुँदा पनि तपाईंका भाषणहरूमा मार्क्स, लेनिन र मदन भण्डारी कहिल्यै पाइएन । बरु रामको जन्मभूमि खोज्नुभयो, शिवको गोत्र र जात घोषणा गर्नुभयो ।*

खुला-पत्र



● दामोदर अर्याल

**केपी ओलीजी,**
**नमस्कार**

सम्भवतः तपाईंलाई मेरो सम्बोधन मन परेन होला । तर माफ गर्नोस्, आजको दिन म तपाईंलाई 'कमरेड' र 'अभिवादन' भन्न सक्दिन । कमरेड शब्द एउटा क्रान्तिकारीले अर्को क्रान्तिकारीलाई सम्बोधन गर्ने आदरार्थी शब्द हो । त्यसबाहेक यो शब्दले संसारभरका मानिस समान र सार्वभौम हुन्छन् भन्ने अर्थ पनि बोकेको हुन्छ । त्यसकारण कम्युनिस्ट पार्टीहरूमा अध्यक्षदेखि सामान्य कार्यकर्ताबिच एकअर्कालाई कमरेड भनेर सम्बोधन गर्ने प्रचलन विकास भएको हो । मान्छेले मान्छेलाई गर्ने व्यवहारका सन्दर्भमा यो शब्द एउटा सिद्धान्त हो । किनकि यस सम्बोधनले पार्टीभित्र समाजवादी भ्रूणको संकेत पनि गर्छ ।

मलाई थाहा छ, तपाईंलाई पनि 'कमरेड' शब्दप्रति त्यति रुचि छैन । आफूलाई मान्छेहरूले कमरेडभन्दा 'बा' भनेर सम्बोधन गरोस् भन्ने चाहनुहुन्छ । 'बा' मात्रै होइन, 'आइ लव यु' शब्द पनि तपाईंको प्रिय शब्द हो । हामीले त्यो सम्बोधन र नाराभित्र देवत्वकरणको गन्ध पायौं । तपाईंलाई थाहा हुनुपर्ने हो, देवताको धारणा केवल आस्था मात्र हो, त्यो अस्तित्वमा हुँदैन । जुन चिज अस्तित्वमा हुँदैन, त्यसले राम्रो काम गर्दैन, बरु समाजवादी ध्येयमा हानि चाहिँ गर्छ ।


मलाई लाग्छ, सेपियन्सको करोडौं सन्ततिमध्ये तपाईं पनि एउटा मान्छे मात्र हो । मान्छे भन्नेबित्तिकै उसका राम्रा र नराम्रा गुण हुन्छन् । म तपाईंलाई द्वन्द्ववादी दृष्टिकोणका आधारमा भन्न सक्छु, तपाईंमा पनि राम्रा र नराम्रा दुवै गुण विद्यमान छन् । तपाईंले कम्युनिस्ट आन्दोलनको विकासमा र निरंकुशता विरुद्धमा, मान्छेको स्वतन्त्रताका लागि र समानताका लागि खेल्नुभएको भूमिकाका सन्दर्भमा म तपाईंको प्रशंसक नै थिए । यसका लागि तपाईंले आफ्नो जीवनको सुरुवातीमा देखाउनुभएको साहस, तपाईंले भोग्नुभएको दमन र १४ वर्ष लामो जेल जीवन प्रशंसायोग्य नै छ ।

तर तपाईंको अर्को एउटा अँध्यारो पाटो पनि छ, जसले नेपालको सिंगो वाम आन्दोलनलाई खरानी बनायो । तपाईंबाट नेपालको लोकतान्त्रिक आन्दोलन र वाम आन्दोलनमा जति योगदान भयो, त्योभन्दा धेरै गुणा तपाईंले यसलाई बिगार्नुभएको छ, भत्काउनुभएको छ । यो कर्मको सुरुवात तपाईं एमालेको अध्यक्ष भएपछि गर्नुभयो भन्ने मेरो दाबी हो । त्यसबेलादेखि तपाईंमा विकास भएको यथास्थितिवादी चरित्र र कतिपय अवस्थामा प्रकट भएको प्रतिगमनकारी सोचको म पुरै आलोचक हुँ । यस आलोचनाप्रति मलाई गौरव छ ।

म यतिखेर एमाले पार्टीको नवौं महाधिवेशन सम्झन्छु । तपाईंले मलाई राम्रैसँग चिन्नुहुन्छ, म तपाईंलाई अध्यक्ष बनाउने एउटा अभियानकर्ता र मतदाता पनि थिए । 'तिमीले चुमेका यी औंला यिनै हुन्' भन्ने एउटा प्रख्यात नेपाली गीतजस्तै तपाईंलाई भोट हालेका ती औंलाहरू अहिले मसँगै छन् । तर ती आफ्नै मेरा औंलाप्रति यस सन्दर्भमा र यसबेला बिछट्टै आलोचक भएको छु । साँच्चै भन्दै छु, म पछुतोमा पनि छु ओलीजी !

म स्वीकार गर्छु, त्यसताका, तपाईंलाई अध्यक्ष बनाउनुपर्ने केही कारण चाहिँ अवश्य थिए । तत्कालीन पार्टी अध्यक्ष झलनाथ खनाल फेरि अध्यक्ष हुने दौडमा सामेल हुनुभएन । विगतमा लामो समय पार्टी नेतृत्वमा रहनुभएका माधव नेपाल तपाईंको प्रतिस्पर्धी हुनुहुन्थ्यो । हामी परिवर्तन चाहन्थ्यौं, नेतृत्व र नीतिमा । त्यसबाहेक तपाईंका नाराहरू अत्यन्त लोभ लाग्ने र प्रभावशाली पनि थिए । ती नाराहरूमध्ये मलाई अत्यन्त मन परेको नाराचाहिँ 'राजनीतिमा हत्या हिंसा प्रयोगको विरोध र पार्टीभित्रको लोकतान्त्रीकरणको पक्षपोषण' थियो । त्यसबाहेक तपाईं भन्नुहुन्थ्यो, म ९ कक्षा दोहोऱ्याएर पढ्दिनँ अर्थात् तपाईंले फेरि दोहोऱ्याएर अध्यक्ष नबन्ने बाचा हामीसमक्ष गर्नुभएको थियो । हामी झुक्कियौं ।

अध्यक्ष हुनेबित्तिकै सबैभन्दा पहिला त तपाईंलाई आफ्नै वाचा र नीति नै घाँडो भयो भन्ने लाग्छ । हामी हेरिरह्यौं, तपाईंका गतिविधि आफ्नै वाचाका प्रतिकूल थिए । राजनीतिमा हिंसाको प्रयोगमा युवा र विद्यार्थीलाई निरन्तर तपाईंले प्रोत्साहित गरिरहनुभएको कुरा कहाँ लुक्यो र ! माओवादीसँग नक्कली पार्टी एकता गरेर केही समयसम्म त जनयुद्ध दिवस नै मनाउनु भयो । पार्टीभित्रको लोकतान्त्रीकरणलाई पूरै निषेध गर्नुभयो । फरक मत राख्नेहरूलाई पार्टीबाट निकाल्नु भयो । पार्टी विभाजनका लागि मुख्य भूमिका खेल्नु भयो । त्यति मात्र होइन, पार्टी संगठनभित्र गैर वामपन्थीहरू यति थुपार्नुभयो कि आजको एमाले पुरानो एमाले रहेन । आज तपाईंका गुण्डु गतिविधिहरू र तेस्रोचोटि अध्यक्ष हुन गरेका जायज नाजायज प्रयत्नहरू हामी यतिखेर आश्चर्यचकित ढंगले हेरिरहेका छौं । म दुःखका साथ भन्छु ओलीजी ! कुनैबेलामा राजनीतिमा हत्याहिंसाको विरोध गर्ने तपाईं आज ७६ जना नवयुवाहरूको नरसंहारको आरोप खेपेर गुण्डुमा अर्धभूमिगत हुनुहुन्छ ।



जेनजी युवाहरूलाई, परिवर्तन चाहने जनताहरूलाई र पार्टी पुनर्गठनका पक्षमा बोल्ने आफ्नै कार्यकर्ताहरूलाई समेत गुण्डुको अँध्यारो कोठाबाट धम्क्याउँदै हुनुहुन्छ ।

पार्टी अध्यक्षका हिसाबले र प्रधानमन्त्री हुँदा पनि तपाईंका भाषणहरूमा मार्क्स, लेनिन र मदन भण्डारी कहिल्यै पाइएन । बरु रामको जन्मभूमि खोज्नुभयो, शिवको गोत्र र जात घोषणा गर्नुभयो । किसानहरू आफ्ना उत्पादनहरूको सही मूल्य र बजार खोजिरहेको बेला तपाईंले भ्यु टावर र रेलको कथा सुनाउनुभयो । युवाहरूले रोजगारी मागे, तपाईंले मलेसिया र खाडी देखाइदिनुभयो । यती र ओम्नीसँग साँठगाँठ गर्नुभयो । सुकुम्बासीहरूले घरबास र खेतीका लागि जग्गा खोजे, तपाईंले गिरीबन्धुका लागि कानुन बनाउन खोज्नुभयो । तपाईं धेरै टाढा जानुभयो ओलीजी ! त्यसकारण म तपाईंलाई कमरेड भन्न सक्दिनँ ।

कुनैबेला यो मुलुकमा लगभग दुई तिहाइको वामपन्थी सरकार थियो । हामी सबैले त्यो सरकार र नेपालको पहिलोचोटि बनेको एकीकृत पार्टीको समेत साँचो तपाईंलाई बुझाएका थियौं । संसदको दुई तिहाइ शक्ति र सरकार तपाईंले सत्यानाश गर्नुभयो । त्यो सत्यनाशको प्रमुख कारण तपाईंको भगवान् बन्ने चाहना थियो भन्नका लागि कुनै अप्ठ्यारो छैन । यसबाट तपाईं भगवान् बन्न सक्नुभएन, त्यो तागत पनि रहेन ।

> *माओवादीसँग नक्कली पार्टी एकता गरेर केही समयसम्म त जनयुद्ध दिवस नै मनाउनुभयो । पार्टीभित्रको लोकतान्त्रीकरण पूरै निषेध गर्नुभयो । फरक मत राख्नेलाई पार्टीबाट निकाल्नुभयो । पार्टी विभाजनका लागि मुख्य भूमिका खेल्नुभयो । त्यति मात्र होइन, पार्टी संगठनभित्र गैरवामपन्थी यति थुपार्नुभयो कि आजको एमाले पुरानो एमाले रहेन ।*

त्यतिबेला थुप्रै काम गर्न सकिन्थ्यो । उद्योगधन्दा खोलेर व्यापक रोजगारी सिर्जना गर्न सकिन्थ्यो । किसानद्वारा उत्पादित कृषि उपजहरू राज्यले किन्ने व्यवस्था गरेर कृषकहरूको जीवनस्तर उठाउन सकिन्थ्यो । हाम्रा नीति र कार्यक्रमहरूमा विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषको अनावश्यक हस्तक्षेपलाई रोक्न सकिन्थ्यो । शिक्षा र स्वास्थ्यको निजीकरणलाई बन्द गरेर यी सेवाहरूमा आम मान्छेहरूको पहुँचलाई स्थापित गर्न सकिन्थ्यो । प्रगतिशील भूमिसुधार लागू गरेर जग्गाको समानुपातिक वितरण गर्दै सुकुम्बासी समस्या सदाका लागि हल गर्न सकिन्थ्यो । त्यसबाहेक त्यो बेलामा भ्रष्टाचारप्रति शून्य सहनशीलता देखाएको भए समाज यति बरालिने थिएन । तपाईं पनि बालुवाटारबाट हेलिकोप्टर चढेर भाग्नुपर्दैनथ्यो ।

त्यति मात्र होइन, नेपाली राजनीतिमा छुद्र भाषा प्रयोगको त तपाईं प्रमुख सूत्रधार नै हुनुहुन्छ । तपाईंले नै भन्नुभएको होइन, 'माधव नेपालको नाम लिँदा कुल्ला गर्नुपर्छ ।' ओलीजी ! अहिले तपाईं फुर्सदमा हुनुहुन्छ, पुराना भाषणहरू फेरि एकचोटि फर्केर हेर्नुहोस् त ! त्यहाँ तपाईंले छुद्रता, छुच्चोपन र कटु शब्दहरूको फेहरिस्त नै पाउनु हुन्छ ।

अब भो ओलीजी ! छोड्नोस्, वाम आन्दोलन बन्न दिनुहोस् । मान्छेहरू सबै बुझिसकेका छन् । म तपाईंलाई विनम्रतापूर्वक भन्न चाहन्छु, तपाईंका उखान टुक्काहरू बेअसर भइसके । हस् त ! चिठी अलि लामो भयो । समयले जुराएछ भने फेरि भेट होला । बाँकी कुरा त्यही भेटमा गरौंला । तपाईंले नै चाहेअनुसार १ सय २५ वर्ष बाँच्नुहोस् ! निरन्तर स्वास्थलाभको कामनासहित ।


सदा सम्झिरहने तपाईंकै पूर्व कार्यकर्ता ।

## इतिहासमा आज

१५ अक्टोबर १९८७ मा एरो ट्रास्पोर्टी इटालियन फ्लाइट ४६० इटालीको कोन्का डि क्रेजो नजिकै दुर्घटनाग्रस्त भएको थियो । जसमा सवार सबै ३७ जनाको मृत्यु भएको थियो ।



१५ अक्टोबर १९५६ मा पहिलो आधुनिक भाषा र कोडिङसहितको कम्प्युटर सार्वजनिक गरिएको थियो ।



१५ अक्टोबर २००७ मा न्युजिल्यान्डले देशको पहिलो आतंकवाद विरोधी अभियान चलाएको थियो । जसमा १७ जना कार्यकर्ताहरूलाई पक्राउ गरिएको थियो ।



१५ अक्टोबर १९९० मा शीतयुद्धको तनाव कम गर्ने र आफ्नो राष्ट्रलाई खुला गर्ने प्रयास गरेको भन्दै सोभियत संघका नेता मिखाइल गोर्बाचेभलाई नोबेल शान्ति पुरस्कार प्रदान गरिएको छ ।



# विपद्पछि पुनर्निर्माण र पुनर्स्थापना

विचार



● झलक शर्मा

> *विपत्तिको समयमा सरकार र सरोकारवाला निकायबाट क्षति न्यून गर्नु र नागरिकको जिउधनको सुरक्षा गर्नु प्रमुख दायित्व रहन्छ । विपद्को सामना गर्न वा विपद् जोखिम न्यूनीकरणका लागि सरकारले विपद् पूर्वतयारी र त्यसको कुशल व्यवस्थापन गर्नुपर्छ ।*

प्राकृतिक विपद् ढोल बजाएर आउँदैन अर्थात् पूर्वसूचनाबिना नै विपद्जन्य घटना घट्ने गर्छन् । प्राकृतिक विपद् कठोर हुन सक्छ । जनधनको क्षतिले समाजलाई विक्षिप्त बनाउँछ । यसले मुलुकको विकासलाई अझ पछाडि धकेल्दा आर्थिक र सामाजिक रूपमा राज्यलाई कमजोर बनाउन सक्छ । यद्यपि प्राकृतिक नियम पनि एउटा बेग्लै किसिमको हुन्छ । प्रकृतिकै आधारलाई मानेर सिंगो समाज र विकास अगाडि बढ्यो भने विपद्बाट हुने क्षतिलाई न्यून गर्न सकिन्छ । तथापि प्रकृतिलाई बेवास्ता गरी प्राकृतिक नियम मिच्दा बढी क्षतिको सामना गर्नुपर्छ । यो कानुनको अज्ञानतामा क्षम्य हुँदैन भन्ने कानुनको सर्वमान्य सिद्धान्तजस्तै प्राकृतिक नियम पनि मान्नै पर्छ । नत्र प्राकृतिक विपद्ले दिने सजाय कठोर हुन सक्छ ।

यसपटक चाडपर्वको समयमा नै नेपालको मौसम प्रतिकूल बन्यो । मान्यजनको हातबाट टीका ग्रहणका लागि यसपालि निकै सकस बन्यो । अत्यधिक वर्षा, बाढी पहिरोका कारण आवतजावतमा कठिनाइ भयो । अझ नारायणगढ-मुग्लिङ सडक खण्डबीचको तुइनखोला नजिकै खसेको सुख्खा पहिरोलाई समयमा व्यवस्थापन गर्न नसक्दा चाडपर्व मनाउन राजधानीबाट घर फर्कन लागेका तथा अत्यावश्यक यात्रामा हिँड्न बाध्य हुने यात्रुहरू सकसमा परे ।


विपद्बाट सबैभन्दा ठूलो मानवीय क्षति इलाममा हुन पुग्यो । इलाम जिल्लालाई सरकारले तीन महिना विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णयसमेत गरेको छ । जल तथा मौसम विज्ञान विभागको विवरणअनुसार यसपटक सबैभन्दा बढी रौतहट र त्यसपछि इलाममा भारी वर्षा भएको थियो । यही असोज १८ देखि १९ गतेसम्म रौतहटमा ३३८.६ मिलिमिटर वर्षाको मापन भएको थियो भने इलाममा सोही अवधिमा ३३४.२ मिलिमिटर वर्षा मापन भएको थियो । जल तथा मौसम विज्ञान विभागले केही दिनअगावै यसपटक अत्यधिक वर्षा हुने र सो वर्षाको नाम आरिघोप्टे वर्षा नाम दिइएको थियो । पोहोर यसै महिनाको ११ र १२ गतेको भीषण वर्षाका कारण मुलुकले निकै ठूलो जनधनको क्षति बेहोर्नुपरेको थियो भने यसपालि सरकार केही चनाखो हुँदा पोहोरको तुलनामा केही कम जनधनको क्षति बेहोर्नुपऱ्यो । यही अविरल वर्षाबाट भएको बाढी पहिरोबाट भौतिक पूर्वाधारमा करिब ७ अर्बको क्षति भएको र त्यसको पुनर्निर्माणमा करिब १२ अर्ब ३८ करोड लाग्ने भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनाएको छ । यो राज्यका लागि समृद्धिको बाधक हो । तसर्थ, विपद् नै नहुने गरी दिगो विकासमा जोड दिनुपर्छ ।

विपत्तिको समयमा सरकार र सरोकारवाला निकायबाट क्षति न्यून गर्नु र नागरिकको जिउधनको सुरक्षा गर्नु प्रमुख दायित्व रहन्छ । विपद्को सामना गर्न वा विपद् जोखिम न्यूनीकरणका लागि सरकारले विपद् पूर्वतयारी र त्यसको कुशल व्यवस्थापन गर्नुपर्छ । यसपटक सरकारले मनसुन सक्रियतासम्बन्धी पूर्वसूचना ध्यानमा राखी नागरिकलाई सुरक्षित रहन सचेत गराएको थियो । जोखिमयुक्त राजमार्गमा यात्रा गर्दा सावधानी अपनाउन अपिल गरेसँगै राजधानी भित्रन र बाहिरिन रोक लगाएर सम्भावित क्षतिलाई न्यून गर्नमा जोड दिएको थियो । जसले गर्दा अनुमानितभन्दा कम क्षति भएको आँकलन गरिएको छ । देशव्यापी भारी वर्षा र नागरिकलाई आवतजावत गर्दा हुने समस्यालाई मध्यनजर गरी दुई दिन सार्वजनिक बिदासमेत दिएको थियो ।

विपद्लाई समयमा नै व्यवस्थापन गर्न नसकेको खण्डमा राष्ट्रिय एकता, देशप्रेममा आँच आउन सक्छ । पीडितहरूमा झन् पीडा बल्झन सक्छ । विपद्बाट परिवारका सदस्य गुमाएका मानिसलाई वितृष्णा, एक्लोपना र मानसिक समस्या उत्पन्न हुन सक्छ । घरबारविहीन पीडितहरूलाई मनोपरामर्श आवश्यक देखिन्छ । विपद्को पूर्वतयारी मनसुन सक्रिय वा वर्षायाममा मात्र गर्नुहुँदैन । त्यसका लागि निरन्तर रूपमा जुनसुकैबेला विपद् आइपर्छ भनी तैनाथ जुट्नु आवश्यक रहन्छ । विपद् प्रतिकार्यका लागि खोज तथा उद्धार क्षमताको विकास गरी उद्धार टोली र सुरक्षा निकायको परिचालन गर्नुपर्छ । मनसुनसम्बन्धी सूचनालाई सर्वसाधारण नागरिकसम्म पहुँच पुऱ्याउनुपर्छ । विपद् प्रतिकार्यका लागि गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको थप सक्रियता आवश्यक देखिन्छ । विपत्तिपछि पुनर्स्थापना र पुनर्निर्माणमा ध्यान दिन नसक्दा समाजमा धेरै खालका समस्या बढ्न सक्छन् । बेरोजगारी समस्या चुलिँदै जाँदा युवा गलत कार्यमा आबद्ध हुन सक्छन् ।

विपद्बाट प्रभावित नागरिकको समयमा नै उद्धार, राहत, पुनर्स्थापना र पुनर्निर्माण सरकार कटिबद्ध हुनु आवश्यक छ । पीडितलाई तत्काल आवश्यक पर्ने गाँस, बास, कपास, स्वास्थ्य र शान्ति सुरक्षाको प्रबन्ध मिलाउनु आवश्यक छ । संघीय सरकारले नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना र स्थानीय सरकारको समन्वयमा राहत, पुनर्स्थापना र पुनर्निर्माणलाई वैज्ञानिकतवरबाट व्यवस्थापन गर्नुपर्छ । विपत्ति निम्तिन नदिन दीर्घकालीन उपाय खोजिनु आवश्यक छ । डोजरे विकासलाई निरुत्साहित गरी सडक, पुलपुलेसा, ठूला भौतिक संरचना निर्माण गर्दा दिगो विकासलाई ध्यान दिनु बढी बुद्धिमत्ता हुन्छ । खोला खोल्साको छेउछाउमा घर बनाउने, प्राविधिक र वैज्ञानिक अनुसन्धानबिना नै जग्गाको घडेरीकरण तथा खण्डीकरण गर्ने कार्यलाई निरुत्साहित गर्नुपर्छ । वातावरणमैत्री विकासलाई बढावा दिँदै समाजमा वातावरणप्रति प्रेम जगाउन चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ । वैकल्पिक सडकको व्यवस्था गरी विपद्को समयमा यात्रुलाई सहज यात्राको व्यवस्था मिलाउनु जरुरी हुन्छ । नेपालका अधिकांश राजमार्ग नदी तथा खोला खोल्साकै छेउछाउमा निर्माण भएकाले यसको दिगो व्यवस्थापनमा सरकारको ध्यान जानु आवश्यक छ । अहिले मुलुक जेन्जी पुस्ताको आन्दोलनबाट गुज्रिरहेको र विपत्तिले छियाछिया पारेको हुँदा सिंगो मुलुक दुःखमा छ । यो समयमा सबै नागरिकको सहकार्य र एकताबाट विपत्तिको सामना गरी पुनर्निर्माण लाग्नुपर्ने टड्कारो आवश्यकता देखिएको छ ।

## सामाजिक सञ्जाल



**मुमाराम खनाल**

राजनीतिले राज्यका हरेक निकायमा या त आफ्नै नजिकका आफन्त वा कुस्त घुस लिएर नियुक्त भएका निकम्माहरूको पीडाबाट त मुलुक गुज्रिएकै थियो । अहिले जताततै कथित 'जेनजी'को नाममा सुकुलगुन्डाहरूको अराजकताले राज्यका निकायहरूमा अनधिकृत हस्तक्षेप, बेइज्जत र थर्काउने कुकर्म गरिरहेको छ ।




**रमेश कँडेल**

आन्दोलन शान्तिपूर्ण थियो । आन्दोलनमा ढुंगामुढा गर्नु शान्ति कायम राख्नु हो । अझै प्रहरीलाई नियन्त्रणमा लिनु त झनै शान्तिपूर्ण आन्दोलन हो । हतियार भएको मान्छे कब्जामा नलिए तिनले अशान्ति मच्चाउँछन् नि । त्यही भएर कब्जामा लिन खोजेको त ! त्यत्तिकै गोली हान्न मिल्छ ? शान्ति ! शान्ति !



**सुजित महत**

'आगो लगाउने' यति सामान्य हुनपुग्यो कि हिजो बोर्ड बैठक भइरहेको धितोपत्र बोर्ड पुगेका दीपेन्द्र अग्रवालसहित ५० जना जतिले आगै लगाउँछौ भने रे ! धन्न ४० जना जति पुलिस पुगेछन् । अर्को फोर्स भा'भए एक प्रदर्शनकारी बरावर एक दर्जन सुरक्षाकर्मी हुँदा पनि टुलुटुलु हेरिबस्थ्यो र देश जोगाउँथ्यो ।



**कनकमणि दीक्षित**

आफ्नो देश-समाज चिनौं ! नेपालको हिमाली भेकमा बसोबास गर्ने धेरै महायान मार्गका नागरिक दलाई लामा मान्छन् । परम्परागत धार्मिक आस्थाले दलाई लामाको अनुयायी हुँदैमा 'फ्री तिब्बत'को राजनीतिक बिल्ला भिडाउनु हदैको अन्याय हो ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । – सं.

# जेनजी विद्रोहबाट प्रेरित जनस्वराज पार्टीको नयाँ यात्रा सुरु

**काठमाडौं/मस–** जनस्वराज पार्टीले नयाँ राजनीतिक यात्रा सुरु गर्दै जेनजी विद्रोहबाट प्रेरित स्वराजको अवधारणालाई अगाडि सारेको छ ।

यो पार्टी सिके राउत नेतृत्वको जनमत पार्टीबाट फुटेर बनेको हो र निर्वाचन आयोगमा दर्ता भइसकेको छ । जनस्वराज पार्टीले 'समृद्धि, सामाजिक न्याय र जनताको पूर्ण स्वशासन' लाई वैचारिक आधार बनाएको छ । पार्टीका अध्यक्ष ई.दीपक कुमार साहले विज्ञप्तिमा जनमत पार्टीबाट विभाजन भएर नयाँ बाटो रोजेको बताउँदै भनेका छन्,'जेनजीको विद्रोहलाई मूल्यपरक जागरण ठान्छौं । यो परिवर्तनको अन्तिम दस्तक हो । हामी पुराना वाचाहरू होइन, नयाँ पुस्ताको व्यवहारिक समाधान र सहभागी नेतृत्वको राजनीतिक संस्कृति निर्माण गर्न कटिबद्ध छौं ।' साह जनमत पार्टीका उपाध्यक्ष थिए ।



पार्टीले परिवर्तनका लागि पाँच प्रमुख बुँदामा जोड दिएको छ । जसअन्तर्गत व्यक्तित्व विकास र नैतिक क्रान्तिः युवाहरूलाई नेतृत्व बन्न सक्षम बनाउन शिक्षा, तालिम र प्लेटफर्म प्रदान गर्ने, पारदर्शिता र शून्य भ्रष्टाचारः पदलाई शक्ति होइन, जिम्मेवारी ठान्ने संस्कार विकास, बराबरी र न्यायमा आधारित समावेशिताः जात, लिंग, भाषा, धर्म वा क्षेत्रमा कुनै विभेद नहुने, आर्थिक स्वतन्त्रता र रोजगारीः स्वदेशमै अवसर सिर्जना गरी युवालाई 'रोजगार दिने शक्ति' बनाउने, विदेश पलायन रोक्ने र पर्यावरण र भविष्य सुरक्षाः टिकाउ नीतिहरूबाट जेनजीका लागि २०–३० वर्ष पछिको नेपाल सुनिश्चित गर्नेमा जोड दिइएको छ ।

पार्टीले राष्ट्र र मधेशका सन्तुलित हितमा विश्वास व्यक्त गर्दै मधेशको सम्मान, पहाडको मर्यादा, हिमालको गौरव र सम्पूर्ण नेपालीको अस्मितालाई एक सूत्रमा बाँध्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

'पुराना पुस्तालाई अस्वीकार गर्दैनौं, तर उनीहरूले सुरु गरेको परिवर्तन नयाँ पुस्ताले पूरा गर्नुपर्छ,'विज्ञप्तिमा उल्लेख छ ।

नेपालको सात दशक लामो राजनीतिक संघर्षले २००७ को क्रान्तिदेखि २०४६ को जनआन्दोलन, दश वर्षे जनयुद्ध, मधेश विद्रोह र आदिवासी जनजाति, दलित, महिला, मुस्लिमजस्ता उत्पीडित समुदायका आन्दोलनहरूबाट २०७२ असोज ३ मा संविधान जारी गरी समाजवाद उन्मुख समावेशी लोकतन्त्रको आधार तयार पारेको छ ।

तर गणतन्त्रका वर्षहरूमा सुशासनको अभावले जनअसन्तुष्टि बढेको छ । भदौ २३-२४ को जेनजी विद्रोहले ईमानदार नेतृत्व, जवाफदेही शासन र परिणाममुखी नीति मागेको पार्टीले जोड दिएको छ ।

# गुणस्तरीय काम नगर्ने निर्माण व्यवसायीको पक्षमा वकालत गर्दैनौं : अध्यक्ष बस्याल

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २८ असोज

नेपाल लोकतान्त्रिक निर्माण व्यवसायी संघ अर्घाखाँचीका अध्यक्ष काशीराम बस्यालले गुणस्तरीय काम नगर्ने निर्माण व्यवसायीको पक्षमा संघ कहिल्यै वकालत नगर्ने बताएका छन् ।



नेपाल लोकतान्त्रिक निर्माण व्यवसायी संघले सन्धिखर्कमा आयोजना गरेको कार्यक्रममा बोल्दै अध्यक्ष बस्यालले पछिल्लो समय कम मूल्यमा ठेक्का लिने प्रवृत्ति बढ्दै गएपछि निर्माण कार्यको गुणस्तर कमजोर हुने र त्यसको असर नागरिकमा पर्ने समस्या देखिएको बताए । उनले निर्माण व्यवसायीहरू राज्यका कारण पीडित भएको पनि दाबी गरे । अध्यक्ष बस्यालले निर्माण कार्यको क्रममा सिमेन्ट, छडलगायत सामग्रीमा अस्वाभाविक मूल्यवृद्धि हुने र काम सम्पन्न भएपनि समयमा भुक्तानी नपाउँदा व्यवसायीहरू मारमा परेको बताए ।

उनले भने, 'एकातिर काम गरेको पैसा पाउन सकिएको छैन, अर्कोतिर निर्माण सामग्रीको मूल्य अस्वाभाविक रूपमा बढ्ने गर्छ, जसले व्यवसायीलाई मर्कामा पारेको छ । अन्तरिम सरकारले हाम्रो समस्या बुझेन, यसतर्फ गम्भीर रूपमा ध्यान दिन जरुरी छ ।'

# खरिदार भण्डारीविरुद्ध आरोपपत्र दायर

**काठमाडौं/मस–** मालपोत कार्यालय, धुलिखेल काभ्रेपलाञ्चोकमा कार्यरत खरिदार ज्ञानेन्द्रप्रसाद भण्डारीविरुद्ध आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

यसअघि भण्डारीलाई काभ्रेपलाञ्चोकको साविक दोलालघाट गाविस–७ मा रहेको फिल्ड बुकमा दर्ता छुट भएका जग्गा धनीको नाममा छुट दर्ता गर्ने प्रयोजनका लागि सेवाग्राहीसँग घुस माग गरेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले दुई लाख रुपैयाँ घुस लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो दुई लाख रुपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगोबमोजिम जरिवाना सजाय मागदाबी लिइ मंगलबार विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको आयोगले जनाएको छ ।


## लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०६/२९**

यस सा. व. उ. स. बाट संकलन भएको साल गोलिया काठ १७६०.४३ क्यू फिट, साल दाउरा २.५ चट्टा र जिल्ला वन पैदावार आपूर्ति समिति, तनहूँबाट सा. व. उ. स. मा फिर्ता भएको साल गोलिया काठ ४७५.८१ क्यू फिट लिलाम बिक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ ।थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**सपनकोट सा. वन उपभोक्ता समूह, व्यास ६, तनहूँ ।**

## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

माधब निरौलाको नाति, नरपति निरौलाको छोरा, काठमाण्डौ जिल्ला, तारकेश्वर न.पा. वडा नं. १० बस्ने, यस बैंकको महाराजगञ्ज शाखा कार्यालयको खातावाला बृहस्पति निरौलाको मिति २०८२/०४/०२ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोरा सोमनाथ निरौलाले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

## NEW PRODUCT LIST 082-06-27

| S.N | Product Name | Code No | Qty | MRP |
|---|---|---|---|---|
| 1 | Pump With Grinder Espresso Coffee Machine | 00M131800AR0 | 40 | 45317 |
| 2 | Pump With Grinder Espresso Coffee Machine | 00M131802AR0 | 40 | 45317 |
| 3 | Pump With Grinder Espresso Coffee Machine | 00M131801AR0 | 30 | 45317 |
| 4 | Kitchen Blender | 00C058500AR0 | 8 | 14456 |
| 5 | Kitchen Blender | 00C058501AR0 | 8 | 14456 |
| 6 | Kitchen Blender | 00C058502AR0 | 8 | 14456 |
| 7 | Water Kettle 1.7L Beige | 00C286903AR0 | 6 | 10675 |
| 8 | Water Kettle 1.7L Green | 00C286904AR0 | 6 | 10675 |
| 9 | Water Kettle 1.7L Black | 00C286905AR0 | 6 | 10675 |
| 10 | Kitchen Citrus Squeezer | 00C041303AR0 | 4 | 13440 |
| 11 | Kitchen Citrus Squeezer | 00C041304AR0 | 4 | 13440 |
| 12 | Kitchen Citrus Squeezer | 00C041305AR0 | 4 | 13440 |
| 13 | Stand Mixer | 00C159802AR0 | 4 | 26580 |
| 14 | Stand Mixer | 00C159800AR0 | 2 | 26580 |
| 15 | Stand Mixer | 00C159801AR0 | 2 | 26580 |
| 16 | Chopper | 00C043805AR0 | 18 | 6980 |
| 17 | Chopper | 00C043804AR0 | 18 | 6980 |
| 18 | Pump Grinder Espresso Coffee Machine | 00M131210AR0 | 5 | 135415 |
| 19 | American Drip Coffee Maker | 00M139400AR0 | 40 | 8120 |
| 20 | Sandwich Maker | 00C197301AR0 | 4 | 7136 |
| 21 | Sandwich Maker | 00C197300AR0 | 4 | 7136 |
| 22 | Stick Cleaner | 00P275910AR0 | 52 | 18945 |
| 23 | Stick Cleaner | 00P276410AR0 | 40 | 13665 |
| 24 | Dry Vaccum Cleaner | 00P275300AR0 | 20 | 16190 |
| 25 | Floor Steam Cleaner | 00P417500AR0 | 20 | 16535 |
| 26 | Fryer | 00C463100AR0 | 4 | 30576 |
| 27 | Stick Cleaner | 00P270401AR0 | 32 | 24928 |
| 28 | Stick Cleaner | 00P270400AR0 | 32 | 24928 |
| 29 | Electric Coffee Grinder | 00M302300AR0 | 8 | 13320 |

**बिक्रेता फर्मको नाम: SAI TRADE-LINK**
**एक्जीम कोड नं.: 1091791910191 (NP)**
**ठेगाना : GYANODAYA MARG, BAFAL KATHMANDU**

## कतारमा रोजगार

कम्पनी : AL DALLA CLEANING AND TRADING शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८१/०४/१३ चलानी नं.: ६०२२२७७८ LT. No.: 308078 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaner Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३८,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक ५ गते (22 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Link On International Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ९६७/०६७/०६८
P.O. Box : 12272, Battisputali, Kathmandu, Tel : 4471668, 4472101
Fax : 4499397, Email : hrsc@linkonint.com.np, Web : linkonint.com.np


## झापा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**टाघनडुब्बा, झापा**
**कोशी प्रदेश, नेपाल**

### औषधी तथा औषधीजन्य सामाग्री प्रति इकाई दर विधिबाट खरिद गर्ने सम्बन्धी सूचना

**दोश्रो पटक प्रकाशित मिति : २०८२/०६/२९**

झापा गाउँपालिका वडा नं ३ मा रहेको आधारभूत अस्पतालको लागि आ.व. २०८२/०८३ मा आवश्यक पर्ने तपशिल बमोजिमको Therapeutic Class मा वर्गिकरण गरिए अनुसारका औषधी तथा औषधीजन्य सामाग्री प्रति इकाई दर विविधाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त कम्पनी, फर्म तथा आधिकारिक बिक्रेताहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वक विद्युतीय शिलबन्दी आह्वान गरिएको छ ।

**शर्तहरु**

१. योग्यता पुगेका इच्छुक शिलबन्दी दाताहरुले तपसिलका खरिद कार्यको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट शिलबन्दी सम्बन्धी कागजात डाउनलोड गरी तपसिलको राजस्व खातामा जम्मा गरेको शिलबन्दी दस्तुरको भौचर (पछि फिर्ता नहुने) Scan गरी शिलबन्दी का साथ मिति २०८२/०७/१३ गते दिनको १२:०० बजे भित्रमा पेश (Upload) गर्नुपर्नेछ ।

तपशिल

| S. N. | Contract Id No | Description of project | Cost of bidding document | Bid security Amount | Bid Security Validity period up to |
|---|---|---|---|---|---|
| 1. | SQ/JHAPA/JRM/ HEALTH/01/082-83 | Procurement of supply and delivery of Medicine and Medicinal Goods for health Insurance program-Unit Rate | 1000 | 1,23,000 | 75 days from deadline |

२. आ.व. २०८१/०८२ को लागि औषधी व्यवस्था विभागमा दर्ता तथा नवीकरण प्रमाणपत्र, व्यवसाय इजाजत प्रमाण पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र र आ.व २०८०/०८१ को करचुक्ता प्रमाणपत्र संलग्न गर्नुपर्नेछ।

३. विद्युतीय शिलबन्दी हरु (e-Bids) मिति २०८२।०७।१३ गतेको दिन १:०० बजे शिलबन्दी दाता वा निजको प्रतिनिधिको रोहवरमा गाउँपालिकाको कार्यालयमा खोलिनेछ । शिलबन्दी दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि शिलबन्दी खोल्न बाधा पर्नेछैन ।

४. शिलबन्दी को जमानत बापतको रकम झापा गाउँपालिकाको नाममा NIC ASIA झापा बजार शाखामा रहेको धरौटी खाता नं.K2CA051251452407 मा जम्मा गरेको भौचरको Scan कपी वा कम्तीमा ७५ दिन म्याद भएको (शिलबन्दी बुझाउने अन्तिम मितिदेखि) नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको शिलबन्दी जमानतको Scan कपी संलग्न गर्नुपर्नेछ ।

५. तोकिएको Therapeutic Class अन्तर्गत तोकिएका उत्पादक कम्पनीहरुको औषधि तथा सर्जिकल सामग्री मात्र आपूर्ति गर्नुपर्नेछ । साथै औषधी उत्पादक कम्पनी Therapeutic Class अन्तर्गत तोकिएको उत्पादक बाहेकको भएमा आपूर्तिकर्ताले औषधीको Sample र ल्याबटेस्ट रिपोर्ट अनिवार्य रुपमा पेश गर्नुपर्ने छ तर शिलबन्दी दाताले कवोल गरेको कुनै कम्पनीको औषधी काबु बाहिरको परिस्थिति उत्पन्न भई आपूर्ति गर्न नसकेमा सम्बन्धित Therapeutic Class को लागि तोकिएको अन्य कम्पनीबाट उत्पादित औषधी उपलब्ध गराउनुपर्नेछ ।

६. शिलबन्दी भर्दा प्रत्येक Item को महलमा एउटा मात्र कम्पनीको नाम, ब्रान्डको नाम, MRP र मु.अ.कर बाहेकको प्रति इकाई मूल्य (Offered Price) अंक र अक्षरमा अनिवार्य उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । औषधी तथा औषधीजन्य सामग्रीको मूल्य अधिकतम विक्री मूल्य (MRP) भन्दा बढी कवोल गर्न पाइनेछैन । प्रत्येक आइटमको महलमा १ भन्दा बढी कम्पनीको नाम उल्लेख गरेमा उक्त Item रद्द गरिने छ । मु.अ.कर लाग्ने Item को हकमा कैफियत महलमा उल्लेख गर्नुपर्नेछ ।

७. शिलबन्दी मा सहभागी हुने शिलबन्दी दाताहरुले औषधी तथा सर्जिकल/रिएजेन्टको अनिवार्य रुपमा WHO/GMP Certified तथा सम्बन्धित गुणस्तरप्राप्त (नवीकरण सहितको) प्रमाणपत्र पेश गर्नुपर्नेछ । साथै कम्पनीको आधिकारिक बिक्रेताको पत्र (Authorization Letter) अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

८. शिलबन्दी का साथ खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भन्ने लिखित स्वघोषण अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

९. शिलबन्दी मूल्याङ्कन गर्दा प्रत्येक शिलबन्दी दाताले प्रत्येक Item को Item Wise कवोल गरेको सबैभन्दा न्यूनतम मूल्याङ्कित तथा सारभूत प्रभावग्राही शिलबन्दी दाताको Item को दररेट स्वीकृत गरिनेछ । कुनैपनि Item को दररेट दुई वा दुईभन्दा बढी शिलबन्दी दाताले बराबर कवोल गरेमा समान दर कवोल भएका Item का सम्बन्धित शिलबन्दी दातासँग छुट प्रस्ताव माग गरि अधिकतम छुट कवोल गर्ने शिलबन्दी दाताको दररेट स्वीकृन गरिनेछ ।

१०. कुनैपनि शिलबन्दी वा सो भित्रका कुनै Item स्वीकृत गर्ने वा नगर्ने, आंशिक Item मात्र स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

११. शिलबन्दी दाताले उत्पादन कम्पनीको कोड गर्दा माग भए अनुसारको Composition/Strength/Volume मिल्ने गरी कोड गर्नुपर्नेछ । अन्यथा सोहि गुणस्तर अनुसारको Composition/Strength/Volume मिल्ने सामान खरिद गरिनेछ, यसबाट पर्न जाने क्षतिको जिम्मेवार सम्बन्धित शिलबन्दी दाता फर्म/कम्पनी स्वयं हुनेछ ।

१२. शिलबन्दीमा उल्लेखित औषधी तथा औषधीजन्य सामाग्रीहरु कार्यालयले आफ्नो आवश्यकता अनुसारको परिमाणमा सम्बन्धित आपूर्तिकर्ताको स्वीकृत दररेटमा एकै पटक वा पटक पटक गरी खरिद आदेश दिनेछ ।

१३. शिलबन्दीको स्वीकृत आइटमहरु सम्झौता भई खरिद आदेश पाएको मितिले १२ दिनभित्र यस कार्यालयमा दाखिला गर्नुपर्नेछ । अन्यथा खरिद आदेश बमोजिमका सामग्रीहरु कार्यालयले अन्य आपूर्तिकर्तासँग सोझै खरिद गर्न सक्नेछ । त्यसरी खरिद गर्दा शिलबन्दी मा उल्लेखित मूल्यभन्दा बढी मूल्य पर्न गएमा शिलबन्दी दाताको धरौटी रकमवाट वा भुक्तानी गर्न बाँकी रकमवाट असुल उपर गरिनेछ ।

१४. शिलबन्दी खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा शिलबन्दी खोलिनेछ ।

१५. औषधि आपूर्ति गर्दा १८ महिना को Expiry Date जम्मा अवधिको कम्तीमा ७५ प्रतिशत अवधि बाँकी भएको हुनुपर्नेछ ।

१६. शिलबन्दी दातासँगको सम्झौता अवधि समाप्त भए पनि आपूर्ति गरिएको औषधि तथा सर्जिकल/रिएजेन्ट Expiry हुन ३ महिना बाँकी हुँदा फिर्ता लिई सोही परिमाण बराबरको औषधि तथा सर्जिकल/रिएजेन्ट आपूर्ति गर्नुपर्नेछ । Expiry हुन ३ महिना बाँकी हुँदा औषधि तथा औषधिवजन्य सामग्रीहरु फिर्ता नगरेमा सोको कारण Expired भएको औषधि वापतको रकम बिल भुक्तानी गर्दा वा धरौटीबाट कट्टा गरिनेछ ।

१७. आपूर्ति गरिएको मालसामानको गुणस्तरमा कार्यालयलाई कुनै शंका लागेमा शिलबन्दी दाताले आफ्नै खर्चमा गुणस्तर परीक्षण गर्नुपर्नेछ । गुणस्तर परीक्षण गर्दा कार्यालयले निर्देश गरे बमोजिम बजारमा उपलब्ध सोही कम्पनीको सोही उत्पादनको नमूनाको गुणस्तरसँग तुलनात्मक अध्ययन गरी गुणस्तरयुक्त भएको प्रमाणित गर्नुपर्नेछ । आपूर्तिकर्ता फर्म/कम्पनीबाट आपूर्ति भएका सामग्रीहरु प्राविधिक निरीक्षण वा गुणस्तर परीक्षण गर्दा सम्झौतामा उल्लिखित स्पेसिफिकेशन तथा गुणस्तर बमोजिमका नभएमा सामग्री फिर्ता गरी सम्झौता रद्द गरी कानून बमोजिम कारबाही गरिनेछ ।

१८. आपूर्ति गरिने औषधी तथा औषधीजन्य सामाग्री प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry Date, Batch No., MRP उल्लेख भएको हुनुपर्नेछ । प्राविधिक समिति वा थेराप्युटिक समितिले सुचिमा उल्लेख भएका सामानहरुको गुणस्तर, मूल्य र ब्रान्डको छुट्टाछुट्टै मूल्याङ्कन गर्नेछ ।

१९. स्वीकृत शिलबन्दी बमोजिमको दररेट वि.सं. २०८३ असार मसान्त पछि ९० दिनसम्म कायम रहनेछ । उक्त थप अवधिमा कार्यालयले सोहि औषधि तथा सर्जिकल/रिएजेन्ट माग गरेको खण्डमा शिलबन्दी को कवोल दररेटमा उपलब्ध गराउनु पर्नेछ ।

२०. दररेट पेश गर्दा कार्यालयको आधिकारिक सहिछाप भएको प्रमाणित फारममा मात्र विवरण भरी प्रत्येक पानामा सम्बन्धित फर्म/कम्पनीको छाप र आधिकारिक दस्तखत सहित पेश गर्नुपर्नेछ ।

२१. शर्तहरुको रीत नपुगेको तथा म्याद नाघिएको शिलबन्दी उपर कुनै कारबाही गरिने छैन । एउटा फर्म वा कम्पनी नाममा खरिद गरिएको शिलबन्दी अर्को फर्म वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन ।

२२. यस सूचनामा उल्लेखै हुन छुट भएका अन्य विषयहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

२३. इच्छुक शिलबन्दी दाताहरुले यस कार्यालयबाट वा सम्पर्क व्यक्तिको मो.नं. ९८०६०३३७३२ बाट थप जानकारी प्राप्त गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# हलहरूमा 'जेरी अन टप'को उच्च माग




**काठमाडौं/मस–** अभिनेता अनमोल केसी डेढ वर्ष लामो प्रतीक्षापछि पर्दामा फर्किंदै छन् । सुयोग गुरुङको निर्देशनमा बनेको उनको नयाँ फिल्म 'जेरी अन टप' असोज ३१ गते शुक्रबारदेखि देशभरका हलहरूमा प्रदर्शनमा आउँदैछ । रिलिजको तीन दिन बाँकी रहँदै फिल्मप्रति दर्शकको उत्साह चरममा पुगेको छ, जसले बुकिङमा आक्रामक माग देखाएको छ ।

प्रदर्शनको तयारी तीव्र हुँदा केही प्रमुख हलहरूले अग्रिम बुकिङ खोलेका छन् । काठमाडौंको एफक्यूव सिनेमाले सोमबार साँझ नै बुकिङ सुरु गर्दा २४ घण्टाभित्रै दर्शकको उच्च मागले सो थप्नुपर्‍यो । सुरुमा ५ सो उपलब्ध गराएकोमा मंगलबार बिहान थप एक सो जोडेर ६ सो बनाइएको छ । यस्तै, पूर्वको विर्तामोडस्थित पाथिभरा हलले पनि सुरुका ३ सोलाई ४ मा वृद्धि गरेको छ ।

देशको सबैभन्दा ठुलो मल्टिप्लेक्स चेन क्युएफएक्सले अझै बुकिङ खोलेको छैन भने दोस्रो ठुलो चेन आइएनआइ सिनेमाले क्रमिक रूपमा बुकिङ सुरु गर्दैछ । आइप्लेक्स हलले भने कालिमाटीमा ५ सो र बानेश्वरमा ७ सो उपलब्ध गराइसकेको छ । फिल्मका वितरक करण श्रेष्ठका अनुसार, विगत एक वर्षयता दर्शक र हल सञ्चालकहरूबाट सबैभन्दा धेरै माग भएको फिल्म नै 'जेरी अन टप' हो । 'दुई हलमा मात्र बुकिङ खुल्दा नै क्रेज यति आक्रामक देखियो,' श्रेष्ठले भने, 'बुधबार साँझसम्म देशभरका सबै हलमा बुकिङ खुल्नेछ । एफक्युब र पाथिभराको सुरुवाती प्रभाव अन्य हलहरूमा पनि पर्ने निश्चित छ ।'

अनमोलको अपोजिटमा आँचल शर्मा र जसिता गुरुङ मुख्य भूमिकामा छन् । फिल्ममा भुवन केसी, केदार घिमिरे, उषा खड्गी र सुरक्षा पन्तजस्ता दिग्गज कलाकारहरूको पनि अभिनय छ । अनन्या फिल्म्सको ब्यानरमा सरोज न्यौपानेले निर्माण गरेको यो फिल्ममा दुलिप रेग्मीको सिनेमाटोग्राफी छ । निर्माणमा न्यौपानेसँगै रोविन शेरचन, रामकृष्ण श्रेष्ठ, दीपक भण्डारी र भविश्य खड्काको साझेदारी छ भने कथा हेमराज बिसीको हो ।

अनमोलको फ्यान फलोइङ र लामो ब्रेकपछि आउँदै गरेको यो फिल्मले बक्स अफिसमा रेकर्ड तोड्ने अपेक्षा गरिएको छ । दर्शकहरूले अनलाइन बुकिङमार्फत टिकट किन्न थालेकाले हल सञ्चालकहरू उत्साहित छन् ।

# निर्मलराज पौडेलले ल्याए 'झिलिमिली तिहारलाई'




**काठमाडौं/मस–** तिहार सबैको घरदैलोमा आइसकेको छ । गाउँघर र सहर बजारतिर देउसी भैलोका गीत पनि घन्कन थालिसकेका छन् । यसै क्रममा गीतकार निर्मलराज पौडेलको 'झिलिमिली तिहारलाई' नामक तिहार गीत सार्वजनिक भएको छ ।

गीतमा पौडेलसहित गायिका समान्ता थापा, निरज तिमल्सिना र मनिष पौडेलले स्वर दिएका छन् । वेलकम एभी प्रोडक्सनले तयार पारेको म्युजिक भिडियोलाई मनिष पौडेलले निर्देशन गरेका छन् भने मोहित मुनालले संगीत दिएका छन् ।

गीतकार तथा गायक पौडेलले भने, 'विगत १०-१५ वर्ष अगाडि सम्म पनि तिहारको रौनक, खुसियाली को माहौल देखिने गर्दथ्यो, तर आज भोलि सबै हराउँदै गएको महसुस हुन थालेको छ । त्यसैकारण हाम्रा पालाका गीत, संगीत ,तथा प्रस्तुतिहरुलाई हाम्रा सन्तति हरुले पनि थाहा पाँउन्, महसुस गरुन् भन्ने उद्देश्यले गीत तयार पारेका छौं ।' गितमा यमपञ्चकको पाँचै दिन गरिने कर्महरु कागपुजा, कुकुर पुजा, लक्ष्मि पुजा, गाई गोरु पुजा र भाइ पुजालाई पनि समेटिएको छ । गीतमा नेपालीहरुले तिहारमनाउने शैली, परम्परालगायतका रमाइलो सँगसँगै आर्थिक, सामाजिक र पारिवारिक विषयलाई समेटिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०६/२९**

मिति २०८२/०६/२१ गते सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **वाईल्डलाईफ कन्जरभेसन एण्ड रिसर्च ईन्डेभर नेपाल**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **वाईल्ड केयर नेपाल (दर्ता नं.: ३१६०६३)** कायम गर्ने गरी मिति २०८२/०६/२६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## राहदानी हराएको सूचना

मिति २०८१।०५।२० गते काठमाडौंको बसुन्धरा क्षेत्रमा मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नामः** BINOD KUMAR SIJAPATI
**पुरानो राहदानी नं.:** 05975376
**ठेगानाः** BATAHA, SANGURIGADHI 6, DHANKUTA
**सम्पर्कः** 9848806120

## पथरी शनिश्चरे नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

पथरी, मोरङ्ग
कोशी प्रदेश, नेपाल

### विज्ञापन प्रकाशनका लागि शिलवन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०६/२९**

पथरी शनिश्चरे नगरपालिकाबाट आ व २०८२/८३ मा वार्षिक रूपमा प्रकाशन गरिने विभिन्न विषयसंग सम्बन्धित विज्ञापनहरू राष्ट्रियस्तर "क" वर्ग तथा प्रदेशस्तरमा दर्ता भएका "क" वर्गका दैनिक प्रकाशन हुने पत्रिकाको भित्रि पेजमा प्रकाशन गर्दा के कति दरमा प्रकाशन गर्न सकिन्छ ? ईजाजत प्राप्त इच्छुक कम्पनी तथा फर्महरूले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्रमा यस कार्यालयबाट उपलब्ध प्रस्ताव सम्बन्धी फारम खरिद गरि १६औं दिन दिनको १२ बजे भित्रमा पेश गर्नु हुन सम्बन्धित सबै का लागि यो सूचना प्रकासन गरिएको छ ।

**तपशिल**

| सि.नं. | दरभाउपत्रको नाम | ठेक्का न. | फारम दस्तुर रु. | दरभाउपत्र जमान रु. |
|---|---|---|---|---|
| १ | Procurement of advertisement 082/083 | PSMUN/SQ/OTHERS/082/83-01 | १,०००।०० | ३२,५००।०० |

**नोटः** विस्तृत विवरण नगरपालिकाको वेवसाइट http//patharishanishcharemun.gov..np/मा हेर्न सकिने छ । साथै शिलवन्दी दरभाउ फारम र अन्य कागजात https/www.bolpatra.gov.np/egp मार्फत खरिद गरि पेश गर्न सकिनेछ ।

**नोटः** प्राप्त भएका शिलवन्दी दरभाउ पत्र आंशिक वा पुर्ण रूपमा स्वीकृत गर्ने अधिकार कार्यालयसंग निहित रहनेछ ।


## Saudi मा रोजगार — Herfy Meat Products Factory Branch Herfy Food Services Company

पुनः विज्ञापन, पुर्व स्वीकृति मितिः २०८२/०२/२९ चलानी नं.: ६०२३९४२१ LT No. 325512

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Labour | 15 | 0 | साधारण | 1000 | ३७,९१५।- | क.नि. अनुसार | [illegible] | [illegible] | क.नि. अनुसार | छ | छ | [illegible] |

अन्तरवार्ता २०८२ कार्तिक ५ गते (22 Oct., 2025) यस प्रा. लि. को कार्यालय जावलाखेल, ललितपुरमा हुनेछ ।

लक्की एच.आर. सोलुसन प्रा. लि.
श्रम ईजाजत नं.: ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@luckyhrsolution.com

## साउदीमा रोजगार

कम्पनीः WARD ALSHAMAL FOR FAST FOOD COMPANY शहरः SAUDI ARABIA
पूर्व स्वीकृत मितिः २०८२/०६/२७ चलानी नं.: ६०२४६०८१ LT. No.:332407

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading | 1 | 0 | स. काममा दक्ष | 1200 | ४५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ कार्तिक ५ गते (22 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

Paramount Employment Consultant Pvt. Ltd.
P.O.Box: 24009, Balkumari, Lalitpur, Tel.: 01-5186269, 5186052 Email: admin@paramount-consultant.com.
Web: www.paramountconsultant.com
Govt. Lic No.:417/060/061

## Kuwait मा रोजगार — Ajman Approved Gen Trading Company.

पुनः विज्ञापन, पुर्व स्वीकृती मितिः २०८०/१२/२८ चलानी नं.: ६०२१८१७० LT No.: 303209

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner | 14 | 9 | साधारण | 90 | ४१,६००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता २०८२ कार्तिक ५ गते (22 Oct., 2025) यस प्रा. लि. को कार्यालय सामाखुसी काठमाडौंमा हुनेछ ।

R. B. OVERSEAS PVT. LTD. Lic No. 772/065/066
Samakhushi, Kathmandu, Tel.: 01- 4971215, 4971043, 9801039446, 9801039447
9802332363, 9802332364 Email : rboverseasnepal@gmail.com

## युएईमा रोजगार

कम्पनीः AL JABER SECURITY COMPANY L.L.C. शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०६/२६ चलानी नं.: ६०२४५९७९ L.T. No.: 332295

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Technician/Telecommunication | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४६,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guard Psbd | 160 | 20 | | 2000 | ७७,१०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक ७ गते (24 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

SUN LIGHT HUMAN RESORUCE PVT. LTD. Lic No. 689/063/064
सामाखुसी–०३, काठमाडौं, फोनः ४९८४८३२, ४९८४८३३, 9802341585 , 9700558336, 9864827296.

## Cyprus मा रोजगार | 1. Global Tree Recruitment Ltd, Paphos, Cyprus

पूर्व स्वीकृती मिति २०८२।०६।२७ चलानी नं. ६०२४६०९० LT.No. 332292 लागत खर्च रु. ८५,०००/-

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gardener | 03 | - | स.काममा दक्ष | 800 | १३१,०३५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2. | Electricain | 03 | - | | 800 | १३१,०३५।- | | | | | | | |
| 3. | Plumber | 03 | - | | 800 | १३१,०३५।- | | | | | | | |
| 4. | CNC Machine Operator | 03 | - | | 800 | १३१,०३५।- | | | | | | | |
| 5. | Welder | 03 | - | | 800 | १३१,०३५।- | | | | | | | |
| 6. | Aluminium Fabricator | 04 | - | | 800 | १३१,०३५।- | | | | | | | |
| 7. | Duct Man | 03 | - | | 800 | १३१,०३५।- | | | | | | | |
| 8. | Mason | 03 | - | | 800 | १३१,०३५।- | | | | | | | |

२. कम्पनीः E.G. Estia Cyprus Private Employment Agency, Paphos,Cyprus
पूर्व स्वीकृती मिति २०८२।०६।२७ चलानी नं. ६०२४६०९३ LT.No. 330253 लागत खर्च रु. ३५,०००/-

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 25 | स.काममा दक्ष | 400 | ६५,५१६।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

३.कम्पनीः V.Velissarious recuritment and Immigration Services Lic 465, Paphos, Cyprus
पूर्व स्वीकृती मिति २०८२।०६।२७ चलानी नं. ६०२४६०९१ LT.No. 332293 लागत खर्च रु. ८५,०००/-

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Employee | 13 | 12 | स.काममा दक्ष | 700 | ११४,६५५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

अन्तर्वार्ता २०८२ कार्तिक ५ गते (22 October, 2025) मेनपावर कार्यालय रातोपुल गौशालामा हुनेछ ।

Shalma H. R. Overseas Pvt. Ltd. Gov. Lic. No. 1111/073/74
Gaushala, KTM. Phone:- 4579525, 4579526, Email:- info@shalmahr.com


## शिवसताक्षी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्याङ्गडाडा, झापा
कोशी प्रदेश, नेपाल
२०७३

### वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**मिति २०८२/०६/२९ गते**

यस कार्यालयबाट राष्ट्रिय दैनिक प्रकाशित वोलपत्र सम्वन्धि सूचनानुसार समयावधि भित्र पेश भएको वोलपत्रहरु मध्ये यस कार्यालयको निर्णयानुसार देहाय वमोजिमको वोलपत्रदाताको वोलपत्र "सारभूतरुपमा प्रभावग्राही" ठहर भई स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन २०७३) को दफा २७ को उप दफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै वोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**देहाय**

| ठेक्का नं. | विवरण | वोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक रु. भ्याट समेत |
|---|---|---|---|
| 04/SM/NCB/Med/2082/083 | Supply and Delivery of Medicine and Surgical Items | Newton Medico Pharma, Madhyapur Thimi –1, Bhaktapur | २८,९५,९१५.० |

## सुकुना बहुमुखी क्याम्पस

सुन्दरहरैंचा नगरपालिका, मोरङ

### बोलपत्र स्वीकृतीको आसयको सूचना

**(सूचना प्रकाशन मितिः २०८२/०६/२९)**

यस कार्यालयको मिति : २०८२/०५/०३ गते हिमालय टाइम्स राष्ट्रिय दैनिक र मिति : २०८२/०५/२३ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार EGP प्रणालीबाट रितपुर्वक दर्ता भएका बोलपत्रदाताका प्राविधिक तथा आर्थिक प्रस्तावहरू मध्ये तपसिल बमोजिमको बोलपत्रदाताहरूको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूतरुपमा प्रभावग्राही रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतीको लागि छनौट गरीने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजानार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| बोलपत्रको विवरण | स्वीकृतका लागि छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (पि.एस र मु.अ.कर समेत) |
|---|---|---|
| Construction of Library Building: IFB No.: SMC/UGC/W/NCB-01/2082/083 | Prayash Solution and Builders Pvt. Ltd. Sinamangal-09, Kathmandu | रु.१,४८,१४,८९७।५६ (एक करोड अड्चालिस लाख चौध हजार आठ सय सन्तानब्बे रुपैंया छप्पन्न पैसा मात्र) |
| Supply and Delivery for Laboratory Enhancement M IFB No.:SMC/UGC/G/NCB-02/2082/083 | Eureka International Enterprises, Tripureshwor, Kathmandu | रु.१७,२२,००७।०० (रु सत्र लाख बाइस हजार सात रुपैंया मात्र) |

क्याम्पस प्रमुख

## श्री जनता नमूना माध्यमिक विद्यालय

बेलका–४, गुरूङचौरी, उदयपुर
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः २०८२/०६/२९**

